खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily


शैक्षिक गुणस्तर वृद्धि गर्ने यादवको पृष्ठ ८ मा

वर्ष १ | अंक २ | २०७९ साल कात्तिक २५ गते शुक्रवार | Friday 10 Nov. 2022 | पृष्ठ ८ | मूल्य रु. ५/-

# धनुषाका चारै क्षेत्रमा
## सत्तारुढ गठबन्धन र प्रतिपक्षबीच कडा टक्कर

सुभाष कर्ण

जनकपुधाम, कात्तिक २४ । मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा देशभर सहित धनुषाको निर्वाचन क्षेत्रहरुमा पनि यसपटक सत्तारुढ र प्रतिपक्षी सहित दुई पक्षीय गठबन्धनको प्रतिष्पर्धा रहेको छ ।

कतै पाँच दलीय सत्तारुढ गठबन्धन त कतै प्रतिपक्षी एमाले–जसपा गठबन्धन बलिया छन् । कतै कतै जनमत पार्टी र स्वतन्त्र उम्मेदवार पनि उक्लिदै गएको अवस्था छ । जित हार हुने यी दुई गठबन्धनमा जनमत पार्टी र स्वतन्त्र उम्मेदवारले राम्रै प्रभाव पार्ने विश्लेषण भइरहेकोछ ।

जिल्लामा रहेका चार प्रतिनिधि सभा क्षेत्रमा दलीय र स्वतन्त्र गरी १ सय एक जना उम्मेदवार रहेका छन् । यी उम्मेदवार मध्ये स्वतन्त्रतर्फका अधिकांश दलीय पक्षका डमी उम्मेदवार हुन् । जसले दलीय उम्मेदवारको लागि चुनाव प्रचारप्रसारमा गाडी उपलब्ध गराउन उम्मेदवारीको प्रक्रिया गरेका हुन् ।

स्थानीय सर्वेक्षण अनुसार धनुषाको चार निर्वाचन क्षेत्र मध्ये यी दुई गठबन्धन नै हावी हुने देखिन्छ । तर गत स्थानीय तहको सम्पन्न निर्वाचन परिणाम अनुसार हरेक निर्वाचन क्षेत्रमा सत्तारुढ गठबन्धन नै मजबूत स्थितिमा छन् ।

मधेश प्रदेशका अन्य जिल्लासहित धनुषामा पनि मधेशवादी दल गठबन्धनकै भरमा चुनाव जित्ने दाउमा छन् । तर, क्षेत्र नम्बर २ र ४ प्रतिपक्षी गठबन्धनका जनता समाजवादी पार्टी (जसपा) ले गठबन्धनको भर नगरी आफ्नै बूतामा चुनाव जित्ने सोचमा उम्मेदवार खडा गरेका छन् । यता लोसपा आफ्ना उम्मेदवार जिताउन गठबन्धन निर्देशनानुसार हिंडिरहेका छन् ।

सत्तारुढ गठबन्धनको कोटाबाट पाएका क्षेत्र नम्बर ३ मा मात्र मधेशवादी दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले उम्मेदवार दिएका छन् भने जसपाले प्रतिपक्षी गठबन्धनबाट क्षेत्र नम्बर १ मात्र पाएका छन् । अन्य क्षेत्र नम्बर २ र ४ मा मित्रवत प्रतिष्पर्धा गठबन्धन विरुद्ध नै आफ्ना उम्मेदवार खडा गरेका छन् ।

क्षेत्र नम्बर १ मा सत्तारुढ गठबन्धनबाट माओवादी केन्द्रका उम्मेदवार मातृका यादव र प्रतिपक्षी गठबन्धनबाट जसपाका दिपक कार्कीबीच प्रतिष्पर्धा देखिन्छ । यहाँ जनमत पार्टीका उम्मेदवार किशोरी साह कमलको पनि चर्चा चुलिदैं गएको छ । कमलले जित हात नपारेपनि धेरै मत हेरफेर गर्न सक्ने सम्भावना छ । जसपा उम्मेदवार कार्कीलाई आफ्नै पार्टीका बागी उम्मेदवार साधु यादवले प्रभाव पार्न सक्ने भएकाले मातृका यादवको अवस्था अहिले मजबूत स्थितिमा रहेको स्थानीय मतदाताको आंकलन छ ।

क्षेत्र नम्बर २ मा रोमाञ्चक चौकोणात्मक प्रतिष्पर्धा छ । गठबन्धनले काम नगरेपछि यहाँ कुनैपनि उम्मेदवार एक अर्काभन्दा कमजोर छैनन् । दुवै गठबन्धन दलबाट उम्मेदवार रहेकाले जनताको मत पनि विभाजन भएकाले कुन उम्मेदवार मजबूत स्थितिमा छन् भन्ने सक्ने अवस्था छैन ।

यहाँ सत्तारुढ गठबन्धन दल कांग्रेसबाट रामकृष्ण यादव उम्मेदवार छन् भने नेकपा एकीकृत समाजवादी पार्टीबाट रामचन्द्र झा र प्रतिपक्षी गठबन्धन दल एमालेबाट उमाशंकर अरगरिया र जसपाबाट आनन्द यादव भन्ने गंगाराम भिडेका छन । यस क्षेत्रमा चारवटै उम्मेदवार राम्रै मत ल्याउन सक्ने सम्भावना भएकाले एक/दुई हजार मतान्तरले मात्रै कुनैपनि उम्मेदवारले जित हात पार्न सक्ने आंकलन गरिदैछ ।

क्षेत्र नम्बर ३ मा सत्तारुढ गठबन्धनबाट लोसपाका अनिल झा र प्रतिपक्षी गठबन्धनबाट एमालेकी जुली महतोबीच कडा प्रतिष्पर्धा छ । सत्तारुढ गठबन्धन उम्मेदवारलाई जिताउन कांग्रेस पूर्व उपसभापति विमलेन्द्र आफ्नो विरासत जोगाउन लागिपरेका छन् । यहाँ जुली महतोले जित हात पारिन भने निधिको विरासत नै समाप्त हुने सम्भावना रहेकाले निधिले झालाई जिताउन कसरतमा जुटेको कुरा चर्चामा छ । यी दुई गठबन्धन बाहेक स्वतन्त्र उम्मेदवार उमेश साह पनि प्रतिष्पर्धामा उक्लिन लागेको छ । साहको कारणले विभाजन हुने जातीय मत जुलीलाई राम्रै प्रभाव पार्ने सम्भावना बढेको छ ।

क्षेत्र नम्बर ४ मा सत्तारुढ गठबन्धनको तालमेलको आभावले प्रतिपक्षी गठबन्धनलाई ठूलै नकारात्मक परिणाम भोग्नु पर्ने अवस्था देखिन्छ । सत्तारुढ गठबन्धनबाट महेन्द्र यादव उम्मेदवार छन् भने प्रतिपक्षी गठबन्धन दल एमालेबाट रघुवीर महासेठ र जसपाबाट महाजन यादव छन् । यी तीनवटै उम्मेदवार गत निर्वाचनमा पनि प्रतिष्पर्धी थिए ।

यसअघि २०७४ को निर्वाचनान धनुषा क्षेत्र नम्बर १ मा वाम गठबन्धन नेकपाबाट माओवादी केन्द्रका मातृका यादव, २ बाट तात्कालीन संघीय समाजवादी पार्टीका उमाशंकर अरगरिया, ३ बाट तात्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) का राजेन्द्र महतो र ४ बाट वाम गठबन्धन नेकपाबाट एमालेका रघुवीर महासेठ विजयी भएका थिए ।

### उम्मेदवारहरुको अवस्था

सत्तारुढ गठबन्धनबाट नेकपा माओवादी केन्द्रका उपमहासचिव मातृकाप्रसाद यादव र एमाले-जसपा गठबन्धनबाट जसपाका दीपक कार्कीबीच कडा प्रतिष्पर्धा छन् । उनिहरु दुबै जना गत २०७४ सालको निर्वाचनमा पनि प्रतिस्पर्धी थिए । गत २०७४ सालको निर्वाचनमा यादव २६ हजार चार सय १८ मत प्राप्त गरी विजयी हुँदा कार्कीले १७ हजार दुई सय ९६ मत प्राप्त गरेका थिए । यादव गत २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा पनि सोही क्षेत्रबाट निर्वाचित भएका थिए । गत २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा विभिन्न पार्टीबाट वडाध्यक्ष पदमा उम्मेदवार बनेकाको मतलाई जोड्दा कांग्रेसले १७ हजार पाँच सय ५०, एमालेले १५ हजार आठ सय १७, माओवादीले १२ हजार दुई सय ९२ र जसपाले नौ हजार १०, लोसपाले छ हजार ६ सय २४र नेकपा एसले दुई हजार नौ सय ३७मत प्राप्त गरेको थिए । जनमत पार्टीले तीन हजार तीन सय २०, एकीकृत समाजवादीले र स्वतन्त्र उम्मेदवारले तीन हजार तीन सय २४ प्राप्त गरे ।

स्थानीय तहबाट यी मतको आंकलन गर्ने हो भन्ने सत्तारुढ गठबन्धन मजबूत स्थितिमा छन् । उनले कांग्रेस, माओवादी, लोसाप, नेकपा एस गरी कूल ३६ हजार ७ सय ५९ मत पाएका छन भने प्रतिपक्षी गठबन्धनले २४ हजार ८ सय २७ मत मात्र पाएका छन् । सत्तारुढ गठबन्धन दलहरुबाट अन्तरघात नभए मातृका यादवको जीत सुनिश्चित देखिन्छ । विगतमा एमालेबाटै प्रदेश सभा सदस्यमा जितेका साह एमाले छाडेर जनमत पार्टीबाट उम्मेदवार बनेका छन् । साहले ल्याउने मत एमालेबाट जान सक्ने भएको हुनाले पनि सत्तारुढ गठबन्धनलाई फाइदा हुने देखिन्छ ।

बाँकी पृष्ठ ६ मा

# सत्ता गठबन्धनले जिते
## नागरिकता समस्या समाधान हुने:निधि



मधेशदृष्टि
वीरगंज, कात्तिक २४

नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले निर्वाचन सम्पन्न भएपछि पनि पाँच दलीय गठबन्धन कायमै रहने बताएका छन् । वीरगंज महानगरपालिकाको वडा नम्बर १६ मा बिहिवार साँझ आयोजित चुनावी सभालाई सम्बोधन गर्दै नेता निधीले परिवर्तनलाई संस्थागत गर्न पनि कांग्रेस, माओवादी, नेकपा समाजवादी, लोसपाबीच गठबन्धन कायम रहने दावी गरेका छन् । उनले जसपा र एमालेबीच गठबन्धन प्रतिगमनको पृष्ठपोषक भएको बताउदै यसले मधेशको हित नगर्ने चेतावनी दिए । कार्यक्रममा पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार लक्ष्मणलाल

बाँकी पृष्ठ ६ मा

# मधेशका तीन उपप्रधानमन्त्री फलामका चिउरा चपाउँदै

मिश्रीलाल मधुकर
जनकपुर, कात्तिक २४



आगामी मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनले नेपालसँगै सिमावतीए भारतमा पनि चर्चा पाएको छ । मधेसमा तीन पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादव, राजेन्द्र महतो र रघुवीर महासेठको चर्चा बढी रहेको छ। तर तीन पूर्व उपप्रधानमन्त्रीको जित सहज भने देखिएको छैन । त्यसैले उनीहरु जितका लागि लडिरहेका छन् ।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादव यसपटक सप्तरीबाट चुनावी मैदानमा छन् । उनका प्रतिद्वन्द्वी जनमत पार्टीका अध्यक्ष सी.के. राउत रहेका छन । राउतलाई सत्तारुढ गठबन्धनको समर्थन रहेको छ । त्यसैगरी सो क्षेत्रमा लोकतान्त्रिक समाजवादी पार्टीको टिकटमा उम्मेदवार बनेका जयप्रकाश ठाकुर पनि

बाँकी पृष्ठ ६ मा

# बैंकविरुद्ध जनकपुरमा आन्दोलन
## वीरगंजमा चरणबद्ध विरोध कार्यक्रम

मधेशदृष्टि
जनकपुर, कात्तिक २४



बैंकहरुले बढाएको ब्याजदर विरुद्ध जनकपुरका उद्योगी व्यवसायीहरु विरोध जनाउँदै आन्दोलनमा उत्रेका छन् ।

बिहीवार पूर्व निर्धारित कार्यक्रम अनुसार जनकपुरधाम उद्योग वाणिज्य संघको अगुवाईमा बैंकहरुले बढाएको चर्को ब्याजदर विरुद्ध विरोध ऱ्याली प्रदर्शन गर्दै प्रमुख जिल्ला अधिकारी मार्फत अर्थमन्त्रालयलाई ज्ञापन पत्र समेत बुझाइएको छ ।

उद्योग व्यवसाय आर्थिक मारमा झेलिरहेको अवस्थामा बैंकहरुले वर्ष दिनमै ब्याज दर दोब्बरले वृद्धि गरेपछि धान्नै नसक्ने अवस्था आएकाले व्यवसायीहरु आन्दोलित भएर विरोध ऱ्याली प्रदर्शन गरेका हुन । ऱ्यालीमा सहभागीरुले 'बैंकिङ आतंक बन्द गर' 'ब्याजदरमा स्थिरता कायम गर', 'ब्याजदर एक अंकमा कायम गर', 'कर्जा ब्याजदर घटाउ' लगायतका नारा सहितको प्लेडकार्ड समेत प्रदर्शन गरेका छन ।

उनीहरुले कर्जामा एक अंकको ब्याजदर कायम हुनुपर्ने, बढीमा दुई प्रतिशत थप प्रिमियम लिन पाउने, लिलामी प्रक्रियालाई रोक्नुपर्ने, कोभिडमा घाटा व्यहोरेका व्यवसायीलाई सहुलियत दरमा पुनः कर्जा दिनुपर्ने र चालु पुँजी कर्जामा कर्जाको सीमाहटाई पुरानै व्यवस्था कायम

बाँकी पृष्ठ ६ मा

# उपेन्द्र र ठाकुरको आ–आफ्नै दाबी

विनय कर्ण
राजविराज, कात्तिक २४

सप्तरी निर्वाचन क्षेत्र नम्बर २ अहिले सबैको चासोको विषय बनेको छ । मंसिर ४ को निर्वाचन नजिकिदै जाँदा यहाँको प्रतिस्पर्धा बारे सबैको चासो बढ्दै गएको हो । यस क्षेत्रमा जनता समाजवादीका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा.सीके राउत र सत्तारुढ गठबन्धनबाट लोसपाका उम्मेदवार जयप्रकाश ठाकुर प्रतिनिसभा सदस्यका लागि प्रतिस्पर्धामा छन् । मतदातालाई आफ्नो पक्षमा पार्न अहिले मुख्य प्रतिस्पर्धी यादव, राउत र ठाकुरले घरदैलो अभियानलाई तिब्रता दिएका छन् । मतदातासँगको भेंटमा जसपा अध्यक्ष यादवले आफ्नो ५ बर्षको विकास कार्यलाई प्रस्तुत गर्दैछन् भने डा.राउतले किसानको समस्यालाई चुनावी मुद्दा बनाएर घरदैलो गर्दैछन् । यता सत्ता गठबन्धनका उम्मेदवार ठाकुरले रोजगार र कृषिलाई मुख्य मुद्दा बनाएका छन् । यसरी उम्मेदवार हरुले आ-आफ्नो एजेण्डा प्रस्तुत गरिरहँदा चुनाव कस्ले बाजी मार्छ भन्ने आँकलन पनि तिब्र बन्दै गएको छ । स्थानीय तहको मतलाई आधार मान्ने हो भने सप्तरी २ मा सत्ता गठबन्धनका उम्मेदवार ठाकुर बलियो देखिन्छन् उनी जसपा-एमाले गठबन्धन भन्दा १२ हजार भन्दा बढी मतले अगाडी छन् । आफ्नो मत अझै बढ्ने र फराकिलो मत अन्तरले चुनाव जित्ने दावी छ, ठाकुरको ।

उपेन्द्रले यो क्षेत्रमा कसैसँग प्रतिस्पर्धा नै रहेको र स्वस्फूर्त रुपमा जनताले मलाई जिताउने दावी गर्दै आएका हुन् । जनता आफ्नो पक्षमा रहेकाले चुनाव जित्ने दावी छ, डा. राउतको । यादव र ठाकुर २०७४ को चुनावमा पनि प्रतिस्पर्धी हुन् भने राउत पहिलो पटक चुनावी मैदानमा उत्रिएका नयाँ अनुहार हुन् । चुनावी नतिजा कस्को पोल्टामा पर्दछ मंसिर ४ थाहा लाग्नेछ । तर सप्तरी २ को इतिहासलाई नियाल्ने हो भने २०५६ साल यता दोहोऱ्याएर कुनै पनि उम्मेदवारले यस क्षेत्रमा चुनाव जित्न सकेका छैनन् । तत्कालीन सद्भावना पार्टीका अध्यक्ष गजेन्द्रनाराण सिंह यसै क्षेत्रमा चुनाव हारेका थिए । उनी नेपाली काँग्रेसका उम्मेदवार रामकुमार चौधरीसँग पराजित भएका थिए ।



# संक्षिप्त समाचार

## बारामा खुलेआम मदिरा कारोवार

मधेशदृष्टि- वीरगंज २४ कात्तिक ।
जिल्ला प्रशासन कार्यालय वाराले गत कात्तिक २० गते देखि आगामी मंसिर ४ गते सम्म निर्वाचन अवधि मदिरा निषेध गरेको भए पनि जिल्लामा निर्वाध रुपमा मदिराको बिक्री वितरण र सेवन भईरहेको छ । जिल्ला प्रशासन कार्यालय वाराले गत कार्तिक १८ गते मदिरा निषेध सम्बन्धी सार्वजनिक सूचना जारी गर्दै निर्वाचन भय रहित स्वच्छ, निष्पक्ष, पारदर्शी र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न कार्तिक २० गते देखि निर्वाचन सम्पन्न नहुन्जेल सम्मका लागि जिल्लाभर मदिरा ओसारपोसार, बिक्री वितरण तथा सेवन गर्न पूर्ण रुपमा निषेध गरिएको जनाईएको छ ।

तर अहिले यो सूचनाको बर्खिलापमा दिउँसैदेखि बाराका मदिरा पसल, भट्टी, होटल, रेष्टुरेन्ट, चुनावी ग्राहकले भरिने गरेका छन् । बाराका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद आचार्यद्वारा जारी सूचनामा निषेधित अवधिमा मदिरा सेवन ओसारपोसार, बिक्री वितरण गरेको पाईएमा कडा कारवाही गरिने कुरा उल्लेख भए पनि अहिले सम्म स्थानीय प्रशासनले मदिरा सम्बन्धी कसुरमा कसैलाई कारवाही नगरेको र चुनाव भएका कारण अन्य समयको भन्दा यति बेला बढी मदिराको कारोवार भएको स्थानीयले बताएका छन् ।

## भेडाहामा बालुवाको तस्करी गर्ने ४ ट्र्याक्टर प्रहरी नियन्त्रणमा

मधेशदृष्टि - वीरगन्ज,२४ कात्तिक ।
पर्साको भेडाहा बालुवा तस्करी गर्ने चार वटा ट्र्याक्टर प्रहरीले नियन्त्रणमा लिएको छ । पर्सागढी नगरपालिका र वीरगंज महानगरपालिका अन्तर्गत पर्ने भेडाहा खोलाबाट बुधबार अपरान्ह प्रहरीले तीन वटा ट्र्याक्टर नियन्त्रणमा लिएको हो । भेडाहा खोलाबाट गिट्टी बालुवाको चोरी तस्करी र अवैध ओसार पसार भइरहेको भन्ने स्थानीयको सूचनाको आधारमा खटिएको प्रहरी टोलीले बुधबार अपरान्ह तीन वटा ट्र्याक्टर खोलाबाटै नियन्त्रणमा लिएको हो । प्रहरी चौकी मिलनचोक र सशस्त्र प्रहरी वेस क्याम्प बेलवाबाट एक सय मिटरकै दुरीमा रहेको भेडाहा खोलाबाट ईलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरिक्षक किशोर आचार्यको नेतृत्वमा खटिएको प्रहरीले भेडाहा खोलाबाट बालुवा लोड गर्दै गरेको प्रदेश नंबर २ -०१-००१ त १६३७, ना ६ त १७५९ र ना ५ त ६९८८ नम्बरको ट्र्याक्टर नियन्त्रणमा लिएको हो । तस्कर र ट्र्याक्टरका चालकहरु भने फरार भएको प्रहरीले जनाएको छ । नियन्त्रणमा लिईएका ट्र्याक्टरहरु जिल्ला प्रहरी कार्यालय पर्सामा राखिएको छ ।

## ट्राफिक नियम उल्लंघन गर्ने सवारी साधन कारवाहीमा

मधेशदृष्टि - वीरगंज २४ कात्तिक ।
मधेश प्रदेशमा ट्राफिक प्रहरीले नियम विपरीत चल्ने सवारी साधन माथिको कारवाहीलाई तीब्रता दिएको छ। प्रदेशको आठ जिल्लामा ट्राफिक नियम विपरीत चल्ने सवारी साधनमाथि तीब्र रुपमा कारवाही सुरु गरेको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन प्रदेश कार्यालय पथलैयाका प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले बताए । आठ वटै जिल्लामा ट्राफिक नियम विपरीत चलेका तीन हजार ७ सय २० सवार साधनलाई कारवाही गरिएको छ। कारवाहीबाट २४ लाख १८ हजार रुपैयाँ राजश्व संकलन भएको प्रवक्ता भण्डारीले बताए । जुन गत आर्थिक वर्षको तुलनामा झन्डै ६ लाखले वृद्धि भएको हो। गत आर्थिक वर्षमा मधेश प्रदेश ट्राफिक प्रहरीले गरेको दुई हजार ९ सय ६९ सवारीसाधनको कारबाहीबाट १८ लाख ४१ हजार रुपैयाँ राजस्व संकलन भएको थियो। यसै आर्थिक वर्षको साउन, भदौ र असोज गरि तीन महिनाको अवधिमा प्रदेशभरिमा १४ सय ५२ वटा सवारी दुर्घटना भएको छ। दुर्घटनामा परेर १ सय ३० जनाको मृत्यु भएको जनाईएको छ। मृत्यु हुनेमा ८९ जना पुरुष, २८ जना महिला, १३ जना बालबालिकाका मृत्यु भएको प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाले जनाएको छ।

## श्रीमान–श्रीमती लागु औषध सहित पक्राउ

मधेशदृष्टि - वीरगंज २४ कात्तिक ।
पर्सा प्रहरीले ठूलो परिणाममा रहेको अवैध लागु औषध सहित श्रीमान श्रीमतिलाई रंगेहात पक्राउ गरेको छ । प्रहरी चौकी इनर्वाबाट खटिएको गस्ती टोलीले भारतबाट नेपाल तर्फ शंकास्पद रुपमा पैदल आईरहेका ललितपुर महानगरपालिका वडा नम्बर १४ निवासी ४४ बर्षिय रमेश चित्रकार र निजकी श्रीमती ३० बर्षिया मिना कुमारी घलेलाई वीरगंज महानगरपालिकाबाट समातिएका छन् । प्रहरी चेकजाँचमा उनिहरुले बोकेको झोलाबाट प्रतिबन्धित लागु औषध नाईट्रोभेट २ हजार ३ सय ९८ पिस बरामद गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी दिपक गिरी जानकारी दिए ।
लागु औषध सहित पक्राउ परेका श्रीमान श्रीमतीलाई थप कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय पर्साको हिरासतमा राखिएको र विहिवार अदालतबाट म्याद थप गरी अनुसन्धान अगाडी बढाईएको प्रवक्ता गिरीले बताए ।

# रौतहटमा प्रदेश सभा निर्वाचनमा स्वतन्त्र र बागी उम्मेदवारबीच कडा प्रतिस्पर्धा

विकास अग्रवाल
रौतहट, कात्तिक २४ । आसन्न प्रतिनिधी सभा र प्रदेश सभा निर्वाचनमा रौतहटको प्रदेश सभा क र ख मा रोमाञ्चकारी प्रतिस्पर्धा देखिएको छ ।

राजनीतिक दलहरुले टिकट दिएर उम्मेदवार बनाएका नेताहरु भन्दा स्वतन्त्र उम्मेदवारहरु प्रतिस्पर्धामा देखिएपछी रोमाञ्चकारी देखिएको हो ।

रौतहटको प्रदेश सभा (क) मा नेकपा एमालेका राजकिशोर प्रसाद यादव र लोसपाका बागी उम्मेदवार बाबुलाल साहबीच कडा प्रतिस्पर्धा देखिएको छ । दुवै उम्मेदवारको छवी सफा भएको हुनाले मतदाताहरुले एकदम नजिकको आधारमा दुवै जनाको पक्षमा देखिएका छन् ।

एमालेका प्रतिनिधी सभा सदस्यका उम्मेदवार अजयकुमार गुप्तासँगै यादव प्रदेश सभा सदस्यमा भिड्दै आएकाले पनि गुप्ताका कारण उनलाई मत आउने विश्वास देखिएको छ । यादव पनि



निकै लामो समयदेखि विभिन्न गैरसरकारी संघ-संस्थाहरुमा आबद्ध भएकाले यादवको जनमानसमा राम्रो छवी रहेको छ । य त ा लोसपाका निवर्तमान प्रदेश सभा सदस्य बाबुलाल साहलाई पार्टीले टिकट नदिएपछि उनी स्वतन्त्र रुपले चुनावी मैदानमा आएका छन् । सम्पन्न स्थानीय निर्वाचनमा एकीकृत समाजवादी पार्टीलाई भित्रभित्रै सहयोग गरेको तथा आफूलाई टिकट पाउने पूर्ण विश्वास रहेपनि उम्मेदवारी दर्ताको मध्यरातमै अर्कालाई टिकट दिएकाले उनले स्वतन्त्र उम्मेदवारी दिएका थिए ।
रौतहट क्षेत्र नम्बर १ को प्रदेश सभा (क) मा २२ वटा वडा रहेको छ । उनले बितेको पाँच वर्षसम्म सहज रुपले काम गरेर अनुभव बटुलिसकेका छन् । मतदातालाई कसरी प्रभावित पार्ने गुण साहको राजनीतिक यात्राले पनि देखाएको छ ।
वाम गठबन्धनबाट उम्मेदवार बनेका काँग्रेसका नागेन्द्र साहप्रति मतदाताहरुको रुझान कमै देखिएको छ । एकीकृत समाजवादीको हिस्सामा परेको प्रदेश सभा (क) मा काँग्रेसलाई दिएको भन्दै एसका कार्यकर्ताहरु नै रुष्ट बनेका छन् ।

यसैगरी प्रदेश सभा (ख) मा जसपाका कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादव, एमालेका बागी उम्मेदवार राजेश चौधरी तथा काँग्रेसका मधेश प्रदेश सभापति कृष्ण यादवबीच कडा टक्कर देखिएको छ ।

तीन जनाबीच प्रतिस्पर्धा देखिए पनि मतदाताहरुका अनुसार योगेन्द्र यादव र राजेश चौधरीबीच मात्रै प्रतिस्पर्धा हुनेमा विश्वास लिएका छन् । पूर्व संविधान सभा सदस्य समेत रहेका कृष्णा यादव अधिकांश समय राजधानी केन्द्रित रहने गरेकाले यसपाली जिल्लामा समय दिने व्यक्तिहरुलाई मात्र मतदान गर्ने दुर्गाभगवती गाउँपालिकाका रमेश यादवले बताए । प्रदेश सभा सदस्य योगेन्द्र यादव र स्वतन्त्र उम्मेदवार चौधरी दिनरात मतदाताहरुसँगै उठबस गर्दै आएकाले उनीहरुबीच नै कडा प्रतिस्पर्धा हुन सक्ने अनुमान गरिएको छ ।

# गौशालामा रेल्वे ईन्जिनियरिङ्ग कलेज बनाउने पोखरेलको घोषणा



मधेशदृष्टि
जनकपुरधाम, कात्तिक २४
महोत्तरीको गौशालामा रेल्वे ईन्जिनियरिङ्ग अध्ययन कलेज बनाउने घोषणा सहित पूर्व शिक्षामन्त्री गिरीराजमणी पोखरेलले १० बुँदे प्रतिबद्धता पत्र सार्वजनिक गरेको छन् । महोत्तरी क्षेत्र नं. १ का प्रतिनिधि सभा उम्मेदवार पोखरेलले महोत्तरीको गौशाला नगरपालिका रजखोर स्थित नेपालको पहिलो रेल्वे ईन्जिनियरि अध्ययन कलेज बनाईने घोषणा गरेका हुन् ।
नेकपा माओवादी केन्द्रका सह-महासचिव समेत रहेका पोखरेलले आगामी शैक्षिक सत्र २०८० बाटै लागू हुनेगरी नेपालमै पहिलो रेल्वे ईन्जिनियरिङ्ग अध्ययन कलेज बनाईने भएको बताएका छन् । बुधवार महोत्तरीको बर्दिबासस्थित आफ्नो १० बुँदे प्रतिबद्धता पत्र सार्वजनिक गर्दै मधेश प्रदेशको राष्ट्रिय महत्वको प्राथमिकता प्राप्त आयोजना बर्दिबास मेडिकल कलेज निर्माणको कानूनी व्यवधानलाई समाधान गरी कलेज निर्माणको कार्य प्रारम्भ गरिने जनाएको छ ।
लामो समयदेखि घरबाससहित भोगचलन गर्दै आएको ऐलानी, पर्ति जमिनको नापी नम्बरी गरी लालपुर्जाको वितरण अगाडी बढाइने तथा गाई गौशालालाई साझेदारी मार्फत व्यवस्थित र उत्पादनमुखी बनाईने प्रतिबद्धता पत्रमा उल्लेख गरेको छ । यसैगरी उखुको विशेष पकेट एरिया घोषणा गरी सरकारी अनुदानका साथै किसानलाई सहज ढंगले मल, बीऊ तथा बीजनको लागि पहल गरिने प्रतिबद्धता सार्वजनिक गरेको हो ।
खयरमारामा रहेको निर्मला लामा बहुप्राविधिक शिक्षालयलाई पाँच वर्षभित्र देशकै नमूना शिक्षालयको रुपमा विकास गरिनुको साथै लक्ष्मिनियाँमा रहेको आयुर्वेद कलेजको आफ्नै भवनमा पठन पाठन गराईने जनाएको छ । यसैगरी आगामी पाँच वर्षभित्र काठमाण्डौं विश्वविद्यालय अन्तर्गतको होटल म्यानेजमेन्ट कलेजको जग्गा व्यवस्थापन गरी अध्ययन अध्यापन सुरु गराउने प्रतिबद्धता पत्रमा उल्लेख गरेको छ ।
भौतिक पूर्वाधारको क्षेत्रमा गौशाला, बर्दिबास र भंगहा नगरपालिकाको रिङ्गरोड निर्माणको कामलाई अघि बढाईनुका साथै रोकिएको रेल्वेको कामलाई अघि बढाउन पहल गरिने समेत उल्लेख गरेको छ । ऐतिहासिक मलहनिया पोखरी, निगौल ठाकुर पोखरी, बाण पोखरी, निगौल ठाकुर पोखरी सहित धार्मिक महत्वको टुटेश्वरनाथ, पञ्चधुरामाई लगायत सम्पदाको संरक्षण र सम्बर्द्धनमा पहल गरिने जनाएको छ । यसैगरी बर्दिबास ११ खयमारा स्थित निर्मला लामा बहुप्राविधिक शिक्षालय देखि मदन भण्डारी राजमार्ग सिन्धुली जोड्ने सडक निर्माणका लागि पहल गरिने साथै अवैद्य क्रसर बन्द गरी रातु, जंगहा, मडहा लगायत खोला र खोल्सी नियन्त्रणका लागि पूल कल्भर्टका साथै बढी नियन्त्रणका लागि तटबन्ध निर्माण गरिने जनाएको छ ।
चूरे क्षेत्रमा साना ठुला कृत्रिम नहर, पोखरी निर्माण गरी पर्यटनको आधार बनाउन सकिने साथै डयाम्ममा पानी रिजर्भ भएर चूरे हराभरा हुने योजना अघि सारेको छ। यसबाट पानी रिचार्ज भएर पानीको लेवल तलबाट माथि आउने तथा सिंचाई सुविधाका लागि पानीको उपयोग गरिने प्रतिबद्धता पत्रमा उल्लेख गरिएको छ।

# कबीर धर्मावलम्बीको वीर कुटी उद्घाटन

जनकपुरधाम, कात्तिक २४ ।
कमला नगरपालिका१ मंगराहामा कबीर धर्मावलम्बीहरुको मन्दिर वीर कुटीको उद्घाटन गरिएको छ । कवीर धर्मावलम्बीहरुको साहेबहरुले विधिवत रुपमा पूजापाठ गरी सो मन्दिरको उद्घाटन गरेका हुन् । उद्घाटनको अवसरमा कमला बचाउ अभियानका संयोजक विक्रम यादवको अगुवाईमा



मन्दिर प्रांगणमा नीम, गुलमोहर र सर्पगन्धालगायतका वृक्षारोपण समेत गरिएको थियो ।
मन्दिर उद्घाटन अघि कबीर धर्मावलम्बीहरुले मंगराहागाउँको परिक्रमा गर्दै आयोजित सांस्कृतिक कार्यक्रम, भजन तथा प्रवचनमा सहभागी भएका थिए ।
मन्दिरका जग्गादाता एवं निर्माता दशरथ साह साहेब र गुरकी देवी साहको निजी खर्चमा भण्डाराको समेत आयोजना गरिएको थियो । सो भण्डारामा हजारौंको संख्यामा कबीर धर्मावलम्बीहरुसहित स्थानीय र साधुसन्तहरु सहभागी भएका थिए ।

# कमला बचाउ अभियानको चौथो वार्षिकोत्सव सम्पन्न



मधेशदृष्टि
जनकपुरधाम, कात्तिक २४
कमला वचाउ अभियानको चौथो वार्षिकोत्सव सम्पन्न भएको छ । शहिदनगर नगरपालिका स्थित रामघाट कमला किनारमा आयोजना गरिएको कार्यक्रममा कमला आरतीका साथै पुजन गरेर चौथो वार्षिकोत्सव मनाइएको हो ।मंगलवार अग्नीकुण्ड मन्दिरका महन्थ नवल किशोर शरणको प्रमुख आतिथ्यमा कमला आरती तथा अभियानको स्मारिका २०७९ विमोचन समेत गरिएको थियो । कार्यक्रममा महन्थ नवलकिशोर शरणले कमला स्नान गर्ने शुभ दिनमा वली प्रदान गर्नु दुखद रहेको वताउदै यस किसीमको प्रथालाई बढावा दिननहुने वताए । उनले कमलाको महिमाको विषयमा समेत प्रकाश पारेका थिए ।
कार्यक्रममा कमला वचाउ अभियानका अध्यक्ष विक्रम यादवले कमला धार हिन्दुहरुको आस्थाको केन्द्र मात्रै नरहि मधेश र मधेशी किसानको लागि आशाको दियो समेत रहेकोले कमला वचाउका लागि सवैले आ आफनो तवरबाट पहल गर्नुपर्ने वताए ।कार्तिक पुर्णीमा कमला स्नान दिन अभियानले सम्पन्न गरेको चौथो वार्षिकोत्सवमा जनकपुरधामका समाजसेवी प्रभु दयाल जलान,शहिदनगर नगरपालिकाका पुर्व मेयर उदय कुमार वरवरिया, मिडिया काउन्सिल मधेश प्रदेशका सदस्य अर्जुन मण्डल,अभियानीहरु विनोद महरा,विरेन्द्र यादव,पत्रकार अवधेश कामत लगायतका व्यक्तिहरुको उपस्थिती रहेको थियो ।

## विदेशी विनिमय दर

**Fixed Rate**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| Indian Rupee (INR) | 100 | 160 | 160 . 15 |

**Open Market Rates**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| USD (U.S. Dollar) | 1 | 130.00 | 130.60 |
| EUR (European Euro) | 1 | 130.69 | 131.29 |
| GBP (UK Pound Sterling) | 1 | 148.69 | 149.38 |
| CHF (Swiss Franc) | 1 | 131.93 | 132.54 |
| AUD (Australian Dollar) | 1 | 84.23 | 84.62 |
| CAD (Canadian Dollar) | 1 | 96.68 | 97.12 |
| SGD (Singapore Dollar) | 1 | 92.93 | 93.36 |
| JPY (Japanese Yen) | 10 | 8.92 | 8.96 |
| CNY (Chinese Yuan) | 1 | 17.94 | 18.02 |
| SAR (Saudi Arabian Riyal) | 1 | 34.58 | 34.74 |
| QAR (Qatari Riyal) | 1 | 35.46 | 35.62 |
| THB (Thai Baht) | 1 | 3.53 | 3.54 |
| AED (UAE Dirham) | 1 | 35.39 | 35.56 |
| MYR (Malaysian Ringgit) | 1 | 27.71 | 27.84 |
| KRW (South Korean Won) | 100 | 9.51 | 9.55 |
| SEK (Swedish Kroner) | 1 | 12.06 | 12.11 |
| DKK (Danish Kroner) | 1 | 17.57 | 17.65 |
| HKD (Hong Kong Dollar) | 1 | 16.56 | 16.64 |
| KWD (Kuwaity Dinar) | 1 | 420.44 | 422.38 |
| BHD (Bahrain Dinar) | 1 | 344.81 | 346.41 |

## कार्तिक २६ गते २०७९ साल शुक्रवार को राशिफल, १२ नोभेम्बर २०२२ को राशिफल

**मेष - ARIES** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
आज आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ। शुभकार्यको चर्चा चल्नेछ। मनमा उत्साहका साथै बोली बिक्ने समय छ।

**वृष- TAURUS** (इ,उ,ए,ओ,बा,बि,बु,बे,बो)
आज मनमा दुबिधा उत्पन्न हुनेछ । मानसिक चिन्ता बढ्नेछ । मालसामान हराउन सक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

**मिथुन - GEMINI** (का,कि,कु,घ,ङ,छ,के,को,ह)
आज महत्त्वपूर्ण अवसर गुम्न सक्छ । सौन्दर्यतामा र साँझमा अधिक पैसा खर्च हुने योग छ, आफन्तको सल्लाह लिनु नै उचित हुनेछ ।

**कर्कट - CANCER** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
चिताएको कामले तीव्रता लिनेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ ।

**सिंह - LEO** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)
इच्छा र आकाङ्क्षा पूर्ण होला । पठनपाठनमा प्रगति हुनेछ। नजिकको व्यक्तिसँग भेटघाट हुनेछ । दिनको उत्तरार्धमा केही धन खर्च बढ्नेछ ।

**कन्या - VIRGO** (टो,प,पि,पु,ष,ण,ठ,पे,पो)
मित्रबाट सहयोग मिल्नेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । विशिष्ट व्यक्तिको सहयोग पाइनेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ ।

**तुला - LIBRA** (र,रि,रु,रे,रो,ता,ति,तु,ते)
अरुको भर पर्दा धोका पाइनसक्छ । राजनैतिक कार्यमा बाधा आउनेछ । सानातिना समस्यामा अल्झिनुपर्ने हुन्छ। धनमाल पनि हराउन सक्छ।

**वृश्चिक - SCORPIO** (तो,ना,नि,नु,ने,नो,या,यि,यु)
आज आकस्मिक धन लाभ हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ । मान प्रतिष्ठामा वृद्धि होला । मनोरञ्जनमा सहभागिता भइएला ।

**धनु- SAGITTARIUS** (ये,यो,भ,भि,भु,ध,फा,ढ,भे)
आज शुभ समाचार सुन्न पाइएला । प्यारो साथीसँग भेट हुनेछ । नयाँ कार्यको थालनी होला । राजनीतिक कार्यमा पनि सफलता मिल्नेछ ।

**मकर - CAPRICORN** (भो,ज,जि,खि,खु,खे,खो,गा,गि)
अरुलाई प्रभावित पारेर काम बन्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ। मन मिल्ने प्यारो साथीसँग भेट होला। नयाँ काम सुरु गर्ने मौका छ।

**कुम्भ - AQUARIUS** (गु,गे,गो,सा,सि,सु,से,सो,द)
भाग्यलाई बलियो बनाउन दिनदुःखीलाई खुसी बनाउनु पर्दछ। घरमा कुटुम्बको आगमन हुनसक्छ । प्रतिष्ठा प्राप्तिका लागि संघर्ष गर्नु पर्नेछ।

**मीन - PISCES** (दि,दु,थ,झ,ञ,दे,दो,च,चि)
आज प्रतिष्ठित काम सुरु गर्ने मौका छ । पराक्रम र उत्साह बढ्नेछ । उद्योग र व्यापारमा विशेष फाइदाको योग छ। प्रतिस्पर्धी परास्त होलान्।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# मतदाता पिट्ने धम्की दिने एमाले उम्मेदवारसँग माग्यो स्पष्टीकरण

मधेशदृष्टि
जनकपुरधाम, कात्तिक २४ ।
निर्वाचन आयोगले आफूलाई भोट नदिने मतदातालाई तह लगाइदिने भन्दै धम्की दिएका महोत्तरीका एक प्रतिनिधि सभा सदस्य उम्मेदवारलाई स्पष्टीकरण सोधेको छ ।

महोत्तरीको क्षेत्र नम्बर-१ मा नेकपा एमालेबाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार लक्ष्मी महतोले एक सञ्चार माध्यमको अन्तरवार्तामा आफूलाई भोट नदिए चुनावपछि देखाइदिने भन्दै मतदातालाई धम्की दिएका थिए ।

गौशालास्थित एक स्थानीय रेडियोमा मैथिली भाषामा अन्तर्वार्ता दिने क्रममा उनले आफूलाई भोट नदिने मतदातालाई पिटिदिनेसम्मको धम्की दिएका थिए । उनले एफएमबाट मतदातालाई लक्षित गरी धम्की दिएको विरुद्ध उजुरी परेपछि निर्वाचन आयोगले स्पष्टीकरण सोधेको हो । उनलाई निर्वाचन आचारसंहिताको दफा १३ को उपदफा (१) को (थ) मा ‘ निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्नेगरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरुले प्रकाशन गरेका सामग्री शेयर गर्न नहुने’ व्यवस्था रहेको भन्दै आयोगले २४ घण्टे स्पष्टीकरण सोधिएको आयोगले जनाएको छ ।



महतोले रेडियो अन्तर्वार्तामा भनेका थिए, ‘अहिले चुनावका कारण धेरै धैर्यता राखेको छु । चुनावपछि आफूलाई मत नदिनेलाई देखाईदिन्छु । हारेपनि के हुन्छ, म सबैलाई तह लगाईदिन्छु, चाहे त्यो जुनसुकै कार्य क्षेत्रको होस् । कुरा बुझ्नुभो नि ! तपाईंले भोट दिनुहुन्न मलाई के फरक पर्छ, यहाँ त मेरै सरकार छ । त्यस्तो मान्छेलाई पिटदिन भने के खुट्टा ढोगौं । खुट्टा ढोगेर काम लाग्छ ।

मत दिनु हुन्न मलाई नदिनुस तर मैले केही दिन पहिले नै गौशाला बजारमा नगरपालिका र प्रहरीलाई भन्दा भन्दा म आफैं गएर एकआधा थप्पड पिंटे । मैले चुनावका कारण धेरै धैर्यता राखेको छु । चुनाव पछि देखाईदिन्छु । हारे पनि के हुन्छ र सबैलाई तह लगाईदिन्छु । कुनैपनि कार्यक्षेत्रको व्यक्तिलाई छोड्दिन । तपाईं भोट दिनुहुन्न के हुन्छ ? यहाँको स्थानीय सरकार मेरै हो । यसको रिजल्ट पाँच वर्ष सम्ममा आउँछ नि ।’ भन्ने समेत व्यहोरा बोलेकाले स्पष्टीकरण सोधिएको हो ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ को उपदफा (१) को खण्ड (फ) मा ‘उम्मेदवार तथा निजको परिवारलाई कुनै तवरबाट डर, त्रास तथा धम्की दिन नहुने’ व्यवस्था छ । आचारसंहिताको दफा १३ को उपदफा (१) को (थ) मा ‘निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरुले प्रकाशन गरेका सामग्री शेयर गर्न नहुने’ व्यवस्था छ ।

निर्वाचन आयोगबाट निर्वाचन आचारसंहिता लागू भई सकेको विषयको सम्पूर्ण जानकारी रहेको अवस्थामा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) को नेता तथा महोत्तरी क्षेत्र नं. १ मा प्रतिनिधि सभा सदस्यको उम्मेदवार रहनु भएको तपाईंले निर्वाचन आचारसंहिताको विपरीत हुनेगरी अभिव्यक्ति दिनु भएको देखिन्छ स्पष्टीकरण पत्रमा भनिएको छ । उम्मेदवार रहेको व्यक्तिले सार्वजनिक आमसञ्चार माध्यम वा कुनै पनि माध्यमबाट यसप्रकारको गैरजिम्मेवार र हिंसाउन्मुख अभिव्यक्ति दिन सुहाउँछ ? निर्वाचनमा मतदातालाई स्वतन्त्र रुपमा मतदान गर्न पाउने अन्तरनिहीत हक रहेको सन्दर्भमा तपाईंबाट निर्वाचनको स्वच्छता र निष्पक्षतामा नकारात्मक प्रभाव पर्ने गरी दिईएको धम्कीपूर्ण तथा हिंसाउद्यत अभिव्यक्ति तपाईंले नै दिएको होईन भन्ने आधार र कारण के छ ? पत्र प्राप्त भएको २४ घण्टाभित्र निर्वाचन आयोग वा जिल्ला निर्वाचन कार्यालय, महोत्तरीमा प्राप्त हुने गरी स्पष्टीकरण पेश गर्न भनिएको छ। तपाईंले आमसञ्चार माध्यमबाट दिनु भएको धम्कीपूर्ण र भड्काउपूर्ण अभिव्यक्तिले निर्वाचन आचारसंहिता, २०७९ को दफा ४ को खण्ड (न) र ऐ. को दफा १३ को उपदफा (ज्ञ) को खण्ड (थ) र (फ) को उल्लंघन हुने देखिएकोले तपाईंलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) र (४) बमोजिमको कारबाही किन हुनु नपर्ने हो ? आयोगद्वारा सोधिएको स्पष्टीकरणमा उल्लेख छ ।

# नौं वर्षदेखि अलपत्र पुल वर्षदिन सम्पन्न गर्ने श्रेष्ठको प्रतिवद्धता



मधेशदृष्टि
बारा, कात्तिक २४
पूर्व श्रममन्त्री तथा बारा निर्वाचन क्षेत्र नं ४ प्रतिनिधि सभा सदस्यका उम्मेदवार किसान श्रेष्ठले बाराको प्रसौनी ७ बन्जरियामा ९ वर्षदेखि अलपत्र अवस्थामा रहेको बंगेरी खोलाको पुल निर्वाचित भएको वर्षदिनभित्र निर्माण सम्पन्न गरेर उद्घाटन गर्ने प्रतिवद्धता जनाएका छन् ।

प्रसौनी हुदै कलैया जाने भित्री सडक खण्डमा रहेको बंगेरी खोलामा पुल निमार्णको काम नौं वर्षदेखि अलपत्र अवस्थामा हुँदा समस्या झेल्नुपरेको भन्दै स्थानीयको गुनासो पछि उम्मेदवार श्रेष्ठले निर्वाचित भएलगत्तै काम अगाडी बढाउने प्रतिवद्धता जनाएका हुन् ।

‘अलपत्र पुल कसरी, के कारणले रोकिएको हो मंसिर ४ गतेपछि खोतलेर, निकालेर यदि ठेकदारको कमजोरी हो भने ठेकदारलाई कानुनी कठघारामा ल्याएर वा थुनेर के गरेर हुन्छ, बजेट अभाव भएको हो भने पनि बजेट व्यवस्थापन गरेर समयमै सम्पन्न गर्ने प्रतिवद्धता जनाउँछु’ उम्मेदवार श्रेष्ठले भने ‘जिल्लाको सदरमुकाम पुग्ने र बाराको निर्वाचन क्षेत्र नं ३ र ४ लाई जोड्ने बंगेरी पुलको निर्माण सम्पन्न गर्ने काम मेरो प्राथमिकतामा परेको छ अब कुनै बाहनामा ढिलासुस्ती हुँदैन ।’

बारा निर्वाचन क्षेत्र नं ४ को विभिन्न स्थानमा भएको घरदैलो कार्यक्रममा उम्मेदवार श्रेष्ठले मतदाताहरुले अवसर दिए शिक्षा, स्वास्थ्य, रोजगारी र गरिव, विपन्न जनताको हकमा अनुभूति हुनेगरी काम गर्ने प्रतिवद्धता जनाएका छन् । उनले स्वतन्त्र उम्मेदवार ईच्छाबहादुर वाग्लले गरिव, विपन्न मतदाताहरुलाई मद्यपान र मासुमा बहकाउन खोजेको टिप्पणी गरेका छन् । ‘ गरिव भन्दैमा मद्यपान र मासुमा बिक्छ भन्ने ईच्छाबहादुर वाग्लेको मानसिकता मतदाताहरुले तोड्नुपर्यो, यदि कोही लोभीपापी साथीहरुले बाटो बिराउनु भएको छ भने सम्झाएर ल्याउनुपर्यो’ उम्मेदवार श्रेष्ठले भने ।

बारा ४ का स्वतन्त्र उम्मेदवार वाग्लेले पछिल्लो समय चुनाव प्रचारप्रसारको क्रममा मतदातालाई प्रभावमा पार्नेगरी आर्थिक गतिविधि गरेको श्रेष्ठले टिप्पणी गरेका छन् । घरदैलो कार्यक्रममा पूर्व संविधान सभा सदस्य जयप्रकाश यादवले बारा-क्षेत्र नं ४ का जनताले ५ दलीय गठबन्धनको तर्फबाट सक्षम र योग्य उम्मेदवार पाएकाले सबैलाई मतदान गरेर जिताउन आग्रह गरेका छन् । उनले श्रेष्ठ निर्वाचित भएलगत्तै बंगेरी खोलामा रहेको अलपत्र पुलको काम समयमै सम्पन्न हुने दावी गरे ।

# रिजाल घरदैलोमा व्यस्त

मधेशदृष्टि
वीरगंज २४ कात्तिक ।
पर्सा क्षेत्र नम्बर ४ को धोबिनी गाँउपालिकाको विभिन्न वडामा आज पाँच दलीय सत्तागठबन्धनले चुनावी घरदैलो कार्यक्रम गरेको छ । प्रतिनिधी सभा सदस्य उम्मेदवार रमेश रिजाल र प्रदेश सभा सदस्य उम्मेदवार शेख चाँदताराले बिहीबार बिहान धोबिनी गाँउपालिका वडा नम्बर ५ को धोबिनी र जगरनाथपुरमा चुनावी घरदैलो गर्दै मतदातासँग भेटघाट गरेका हुन् । चुनावी घरदैलोका क्रममा धोबिनी र जगरनाथपुरका मतदाताहरुले दुवै उम्मेदवारलाई जितको शुभकामना समेत दिएका थिए ।काँग्रेस केन्द्रिय सदस्य समेत रहेका रिजाल, जनताको सुखदुखको साथी बनेर जनताकै माझमा रहने नेता भएकाले यसपालि रिजाललाई नै आफूहरुले जिताउने मतदाताहरुको भनाइ थियो घरदैलो कार्यक्रममा काँग्रेसका महाधिवेशन प्रतिनिधी वशिष्ठ नारायणी कुर्मी, काँग्रेसका जिल्ला सहसचिव नवीन सिंह, क्षेत्रीय सभापति श्रीकान्त यादव, क्षेत्रीय सचिव बलिष्टर अहमद, काँग्रेस नेता धर्मेन्द्र पटेल, माओवादी केन्द्रका नेताहरु सन्तोष पटेल ,गया यादव,उमेश पटेल, मनोज मिया, सोनालाल कुर्मी ,लक्ष्मी कुर्मी ,अरमान मिया लगायतको पनि सहभागीता रहेको नेपाली कांग्रेसका युवा नेता तथा प्रचारप्रसार समितीका भर्मेन्द्र पटेलले जानकारी दिए ।

# लक्ष्मणलाल कर्ण घरदैलोमा व्यस्त

मधेशदृष्टि
वीरगंज २४ कात्तिक ।
लोकतान्त्रिक बाम गठबन्धनको संयुक्त घरदैलो वडा नं १६ इनर्वामा सम्पन्न भएको छ । घरदैलोमा पाँच दलीय गठबन्धनबाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार लक्ष्मणलाल कर्ण र प्रदेश सभा सदस्य उम्मेदवार रामनारायण कुर्मीले प्रत्येक घरमा पुगी आफ्नो पक्षमा भोट दिन आग्रह गरेका छन् ।

घरदैलोमा लोसपा, नेपाली कांग्रेस, माओवादी, नेकपा समाजवादी का कार्यकर्ता र स्थानीयहरुको उल्लेखनीय सहभागिता रहेको थियो । त्यस्तै वीरगंज महानगरपालिका वडा नं ३२ चोर्नी र वडा नं १५ भिस्वामा रात्रि सभा सम्पन्न भएको छ । सभालाई सम्बोधन गर्दै नेकपा माओवादीका पर्सा जिल्ला सदस्य प्रभु यादवले उम्मेदवार कर्णको जित निश्चित भएको बताए । सभालाई उम्मेदवार कर्ण, माओवादी नेता प्रभु यादव, लोसपा नेताहरु निजामुदिन समानी, राम्चन्द्र पंडित, नेपाल बार एसोसिएसनका केन्द्रीय उपाध्यक्ष अधिवक्ता सुधिर कर्ण लगायतले सम्बोधन गरेका थिए ।

# कांग्रेसको साधारण सदस्यबाट बागी उम्मेदवार वाग्ले निलम्बित

मधेशदृष्टि
बारा, कात्तिक २४ ।
नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिले बारा निर्वाचन क्षेत्र नं ४ का स्वतन्त्र उम्मेदवार ईच्छाबहादुर वाग्लेलाई पार्टीको साधारण सदस्य समेत नरहने गरी कारवाही गरेको छ ।

केन्द्रीय अनुशासन समितिले बिहिबार विज्ञप्ती जारी गर्दै कांग्रेसको विधान २०१७ (संशोधन सहित) को धारा ३४ को उपधारा ४ (क) बमोजिम ५ वर्षको लागि पार्टी सदस्य समेत नरहने गरी अभिलेखबाट हटाउने निर्णय गरेको हो ।

सो निर्णयमा वाग्लेको मनोनयन दर्ताका प्रस्तावक, समर्थक र अन्य पार्टीमा गई उम्मेदवार भएकाहरुको नामावली समेत अभिलेखबाट हटाईएको विज्ञप्तीमा उल्लेख छ । कांग्रेसभित्र सक्रिय राजनीतिमा योगदान नै नभएका वाग्लेले सत्ता गठबन्धनका उम्मेदवारलाई अप्ठेरो पार्ने उद्देश्यले बारा-४ मा प्रतिनिधि सभा सदस्यमा वागी उम्मेदवारी दिएका थिए । वाग्ले आफू जित्ने उद्देश्य राखेर भन्दा पनि पैसाको बलमा गठबन्धनलाई अप्ठेरो पार्ने उद्देश्यले उम्मेदवारी दिएको कांग्रेसका कार्यकर्ता बताउँछन् । वाग्ले होटल व्यवसायी एव विवादास्पद जग्गा कारोबारीको रुपमा चिनिन्छन् ।

नेपाली कांग्रेसका बारा ४ का क्षेत्रीय सभापति सुनिल गुप्ताले वाग्लेलाई पार्टीले ५ वर्षका लागि निलम्बन गरिसकेकोले वाग्लेको चुनाव प्रचारप्रसार र घरदैलोमा हिड्ने कांग्रेस कार्यकर्ता समेत कारवाहीमा पर्ने बताए ।

‘केही कांग्रेस कार्यकर्ताले भित्री रुपमा लुकेर वाग्लेलाई सहयोग पुर्‍याएको हामीले सूचना पाएका छौं यदि उहाँहरु बाटो बिराएर जानुभएको हो र सच्चिएर आउनुहुन्छ भने ठिक छ होईन भने भोलिदेखि उहाँहरु पनि कारवाहीमा पर्नुहुन्छ’ क्षेत्रीय सभापति गुप्ताले भने ‘बारा-४ मा हाम्रो साझा उम्मेदवार संघमा किसान श्रेष्ठ, प्रदेशमा क्षेत्रबहादुर श्रेष्ठ र जितेन्द्र सोनल हुन्, उहाँहरुले जिते मात्रै कांग्रेसको साख रहन्छ ।’ केन्द्रीय अनुशासन समितिले बुधवार देशभर ७४ जना कांग्रेसका वागी उम्मेदवारहरुलाई कारवाही गर्ने निर्णय गरेको थियो, सो निर्णयमा वाग्लेको नाम छुटेकोले क्षेत्रीय सभापतिको सिफारिसमा विहिवार वाग्लेलाई कारवाहीको निर्णय गरिएको सभापति गुप्ताले जनाएका छन् । अनुशासन समितिको निर्णयसँगै वाग्लेसँग चुनावी प्रचारप्रसारमा हिंडेका कांग्रेसका केही कार्यकर्ता पनि



५ वर्षका लागि पार्टीको साधारण सदस्य समेत नरहने गरी निलम्बनमा पर्ने भएका छन् ।

# रुपेशमानको लोकप्रियता बढ्दै

मधेशदृष्टि
वीरगंज २४ कात्तिक ।
पर्सा क्षेत्र नम्बर २ को (ख) स्वतन्त्र उम्मेदवार रुपेशमान सिंहको लोकप्रियता दिन प्रतिदिन बढ्दै गएको छ । वीरगंज महानगरपालिका वडा नम्वर १९ बरवामा बिहीबार मतदाताले देखाएको स्वागत सद्भावले उनीप्रतिको लोकप्रियता बढ्दै गएको देखिएको हो । स्वतन्त्र उम्मेद्वार सिंहलाई बरवाका मतदाताले फुलमाला, अबिर लगाएर स्वागत गरेका थिए । स्वतन्त्र उम्मेदवार सिंहप्रति मतदाताको भरोसा बढ्नुका साथै सिंहको लोकप्रियता बढ्दै जानुले उनको जित कसैले रोक्न नसक्ने यहाँका मतदाताहरुले बताएका छन् । अहिले देशले नै परिवर्तन खोजिरहेका बेला यहाँ स्वतन्त्र उम्मेदवार सिंहको विकल्प नभएको बताउँदै मतदाताहरुले सिंहलाई विजयीको आशिर्वाद दिँदै फुलमाला लगाइदिएका थिए । बरवामा मतदाताको घरदैलोमा पुगेर स्वतन्त्र उम्मेदवार सिंहले मंसिर ४ गतेको निर्वाचनमा आफूलाई लालटिन छापमा मतदान गरेर विजयी बनाउन आग्रह गरे । घरदैलो अभियानमा स्वस्फूर्त रुपमा महिला, वृद्ध, युवा लगायतको उल्लेख्य उपस्थिती रहेको थियो ।

# द्विवेदी भन्छन, मतदाताको सम्मानले भावुक भएँ

मधेशदृष्टि
वीरगंज २४ कात्तिक ।
स्वतन्त्र उम्मेदवार अजय द्विवेदीले पर्सा क्षेत्र नं १ अन्तर्गत श्रीपुरमा बिहिवार विहान घरदैलो गरेका छन् । घरदैलो कार्यक्रमा मतदाताहरुसंग भेटघाट गर्दै स्वतन्त्र उम्मेदवार द्विवेदीले आफू सधैं जनताको पक्षमा रहेको बताए । पर्सा क्षेत्र नम्बर १ का मतदाताहरुको घरघरमा पुग्दा आफूप्रति देखाएको माया र सम्मानले भावुक भएको बताए । उनले आजलाई मात्र नभई आउने ५ वर्ष सम्मको अवधीलाई हेरेर विकास गर्न सक्ने क्षमतावान तथा कुशल नेतालाई मत दिएर यस क्षेत्रको अभिभावक बनाउन सबैमा आग्रह समेत गरे । महेश्वर लाल महतोको नेतृत्वमा त्यहाँका मानिसको उल्लेख्य सहभागीता रहेको थियो ।

घरदैलो कार्यक्रममा सत्य नारायण लगायतको उपस्थिती रहेको थियो । द्विवेदी त्यस क्षेत्रका जनताहरुले भव्य स्वागत गरेको राम अयोध्या प्रसाद साहले बताए ।

# जसपाका गोवर्धन एमालेमा

मधेशदृष्टि
वीरगंज २४ कात्तिक ।
जनता समाजवादी पार्टी पोखरिया नगरपालिका नगर कमिटी अध्यक्ष गोवर्धन यादव विहिवार एक कार्यक्रमबीच नेकपा एमालेमा प्रवेश गरेका छन् । कार्यक्रममा पोखरिया नगरपालिकाका नगर प्रमुख प्रद्युमन प्रसाद चौहान र नेकपा एमाले पर्सा क्षेत्र नम्बर ३ का उम्मेदवार राजकुमार गुप्ताले जसपाका नगर अध्यक्ष गोवर्धन यादवलाई नेकपा एमालेमा प्रवेश गराएका हुन् । पार्टी प्रवेश कार्यक्रममा नेकापा एमाले पर्सा क्षेत्र नम्बर ३ का सभापति राजेश्वर प्रसाद रौनियार ,वडा अध्यक्ष महेन्द्र महतो, बिधाञ्चल ठाकुर, भगवान प्रसाद कुर्मी, रामबालक प्रसाद चौहान, संतोष गिरी लगायतका एमाले नेताहरुको सहभागीता रहेको थियो ।

# राजकुमार घरदैलोमा

मधेशदृष्टि
वीरगंज २४ कात्तिक ।
नेपाल सुशासन पार्टीको पटेर्वासुगौली गाउँपालिका वडा नम्बर ५ निचुटा, देउरीया, मझरिया, अकवा र जगरनाथपुर गाउँपालिकाको वडा नम्बर ६ प्रसौनी, बहुअरी, माधोपुरमा बिहिवार घरदैलो कार्यक्रम सम्पन्न भएको छ । पर्सा क्षेत्र नम्बर ३ का प्रतिनिधि सभा सदस्य राजकुमार यादव, ३ ‘क’ प्रदेश सभा सदस्य शिव कुमार साहले संयुक्त रुपमा घरदैलो गर्दै आगामी निर्वाचनमा आफूहरु विजयी भएमा ग्रामिण क्षेत्रका गरिव निमुखा जनताको पक्षमा काम गर्ने र गाउँको समृद्धिका लागि जुट्ने मतदाताहरुसँग प्रतिबद्धता गरेका छन् । घरदैलो कार्यक्रममा नेपाल सुशासन पार्टीका शंकर यादव, लालबाबु राम, हरेन्द्र सहनी लगायतको उपस्थिति रहेको थियो ।

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने
हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।
कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,०००।- मा लिएर जानुहोस् ।
माधो एग्रो थ्रेसरको विशेषताहरु:
१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।
* शर्तहरु लागु हुनेछ ।
सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

# वैचारिक भ्रष्टताको भासमा दलहरू

## स्वघोषित प्रधानमन्त्रीको लर्को, सत्तालिप्सा बन्द गर्दैछ मूल्यमान्यताको बिर्को




– राजन कुईंकेल

मंसिर ४ गते देशभरका करिब एक करोड ८० लाख मतदाताले आफ्नो मताधिकार प्रयोग गर्दैछन्। गएको आमनिर्वाचन २०७४ सालमा भने एक करोड ५४ लाख २७ हजार मतदाता मताधिकारका लागि योग्य रहेपनि जम्मा एक करोड ५ लाख ८७ लाख अर्थात् ६८.६३ प्रतिशतले मात्र मताधिकार प्रयोग गरेका थिए। गत निर्वाचन र यस पटक तात्विक रुपमा दलहरू भिन्न ढंगले मैदानमा उत्रिएका छन्। पाँच वर्षअघि नेकपा एमालेको नेतृत्वमा कम्युनिष्ट गठबन्धन एकातिर उभिँदा अर्कातिर नेपाली कांग्रेस एक्लै मैदानमा होमिएको थियो भने मधेश केन्द्रित दलहरू पनि आपसमा समझदारीका साथ चुनावमा थिए।

तर यसपटक कम्युनिष्ट पार्टीहरू चोइटिएका छन् भने दुई अलग गठबन्धन चुनावी मैदानमा छन्। पदीय भागबन्डामा कुरा नमिलेपछि एकीकृत गराइएको नेकपा पार्टी टुक्र्याउन तयार नेकपाका तत्कालीन अध्यक्षद्वय केपी ओली र पुष्पकमल दाहाललाई अर्का नेता माधव नेपालले साथ दिए। ओलीलाई प्रधानमन्त्रीबाट हटाउन कांग्रेस सभापति शेरबहादुर देउवासमक्ष बिन्तीपत्र लिएर पुगेका दाहाल र नेपालको साथमा देउवाले ओलीविरुद्धको गठबन्धनको नेतृत्व गरे र वर्तमान सत्ता गठबन्धन बन्यो। अर्कातिर अदालतको आदेशमा नेकपा एमाले र माओवादी केन्द्र ब्युँतिएपछि सत्ताबाट बर्हिगमित ओलीले देउवा-दाहाल-नेपालविरुद्ध बाँकी रहेकालाई समेटेर इतर गठबन्धनको प्रयास गरे। परिणाम ओली नेतृत्वमा राप्रपाको दुबै घटक र पछिल्लो समय मधेश केन्द्रित जसपा रहेको अर्को गठबन्धन बनेको छ।

ओलीलाई हटाउन एक ठाउँमा उभिएका कांग्रेस-माओवादी-एकीकृत समाजवादी वैचारिक रुपमा विपरित दुई ध्रुवका हुन्। त्यसैगरी देउवा नेतृत्वको गठबन्धनविरुद्ध एक ठाउँमा उभिएका एमाले-राप्रपा-जसपाको धरातल पनि नदीका समानान्तर रेखाझैँ हो। तर सत्ताको लालच यतिसम्म घृणित हुँदो रहेछ कि, प्रजातन्त्र र नागरिक अधिकारको वकालत गर्ने कांग्रेस र एकदलीयता कम्युनिष्ट अतिवादको वकालत गर्ने माओवादी एउटै डुङ्गामै बसेर मतदातासमक्ष मतको याचना गर्दै पुगेका छन्। अर्कातिर कम्युनिष्ट समाजवादको सपना बेचेर राजनीति गरिरहेको एमालेले राजतन्त्र र रुढिवादको पक्षपोषण गरिरहेको राप्रपा जस्तो पश्चगामी शक्तिलाई काँधमा बोकेर जनताको आँखामा कसिंगर छर्ने हरसम्भव प्रयास गरिरहेको छ।



फगत सत्ता र शक्तिमा टिक्न जायज नाजायज सबैखाले हर्कत गर्न पछि नपर्ने यी दलको वर्तमान नेतृत्व फेरि पनि आआफ्ना पार्टीमा एकल हैकम जमाउने दाउमा छन्। वैचारिक भ्रष्टताको यो टुकुचामा दललाई लगेर जाक्दा युवा भनिएकाहरू साक्षी किनाराको सदर मात्र भएका छन्। जसले आउँदो पाँच वर्ष यिनै विचार शून्य मानसिक भ्रष्टताले गाँजेकाहरूबाट फेरि शासित हुनुपर्ने विवशतामा तीन करोड नेपाली बाध्य हुने छन्।

रमाइलो त के छ भने, विचार, सिद्धान्त, आदर्श र मूल्य-मान्यताबाट स्खलित भएपछि दल र तिनका मुखियाहरूसँग मतदातालाई रिझाउने कुनै विषयवस्तु बाँकी देखिन्न। देउवादेखि दाहालसम्म ओलीदेखि पोखरेलसम्मले प्रधानमन्त्रीमा स्वघोषण गर्न थालेका छन्।

उसोत, कांग्रेसमा मात्रै प्रधानमन्त्रीको ललिपप मतदातासमक्ष बेचेर चुनाव जित्ने दौडमा रामचन्द्र पौडेल, डा. शेखर कोइराला, प्रकाशमान सिंह, डा. शशांक कोइरालादेखि अर्जुननरसिंह केसीसम्म लागेका छन्।

जोखिम र चुनौती अँगालेरै राजनीतिमा युवा हस्तक्षेप बढाएका गगन थापाले त चुनाव अघिदेखि नै प्रधानमन्त्रीका लागि पार्टी संसदीय दलमा आफू उम्मेदवार रहने बताइसकेका छन्। अर्का युवा नेता विश्वप्रकाश शर्माले गगनलाई दलको नेतामा प्रस्ताव नै गर्छु भनेका छन्।

सत्ताधारी गठबन्धनमा कांग्रेसका देउवादेखि गगनसम्म मात्रै प्रधानमन्त्रीका उम्मेदवार छैनन् माओवादीका अध्यक्ष दाहाल चुनावपछि प्रधानमन्त्रीको कुर्सीमा पुग्ने आफ्नो पालो भएको बताइरहेका छन्। माओवादीका अरु नेतादेखि आफ्नो निर्वाचन क्षेत्र नै छाडेर मैदान खाली गरेका डा. बाबुराम भट्टराईसम्मले दाहाल नै आगामी प्रधानमन्त्री बन्ने घोषणा गर्दै मत मागिरहेका छन्। उता, एकीकृत समाजवादीका माधव नेपाल पनि मौका पर्दा प्रधानमन्त्रीको कुर्सीमा पुग्ने लालसा साँचेर काठमाडौंदेखि रौतहट झरेर मतदाता रिझाउने कोसिसमा छन्।

सत्ता इतर दलको नेतृत्व गर्दै चुनावी संग्राममा होमिएका एमाले अध्यक्ष ओलीले पनि परमादेशी गठबन्धनलाई पराजित गर्दै निर्वाचनपछि आफ्नो नेतृत्वमा सरकार बनाउने हुँकार गरिसकेका छन्।

मत परिणाम आफ्नो पक्षमा पार्न बढ्दै गएको संकट निवारणको हतियारका रुपमा एमालेकै अरु नेता ईश्वर पोखरेल, विष्णु पौडेलदेखि शंकर पोखरेलसम्मले प्रधानमन्त्रीको स्वघोषणा गर्न भ्याएका छन्।

मधेशका महन्थ ठाकुरदेखि उपेन्द्र यादवसम्मले पनि चुनाव जित्न प्रधानमन्त्री पदलाई अघि सारेका छन्। एउटा प्रधानमन्त्री पदको भ्रम मतदातासम्म छरेर चुनावी परिणाम आफ्नो पक्षमा पार्न कम्तिमा पन्ध्र नेता उद्धत रहँदा त्यसपछिका आकर्षक मानिने मन्त्रालय पाउने स्वघोषित मन्त्रीहरू त देशैभर छरपष्ट छन्।

जब सत्ता र शक्ति एकसूत्रीय ध्येय बन्छ, त्यहाँ विचारको खडेरी मात्र पर्दैन, परम्परा र विरासत खरानी बनाइन्छ। तब, प्रजातन्त्र र नागरिक स्वतन्त्रताको प्रवक्ता दाबी गर्ने कांग्रेस नेतृत्व आफ्नै कार्यकर्ताको घाँटी रेटेर शक्ति आर्जन गरेको, वैचारिक रुपमा कम्युनिष्ट एकाधिकारको वकालत गर्ने माओवादीसँग काँध मिलाउन पुगेको छ। अर्कातिर बहुदलीय जनवादको नारामा कम्युन समाजवादको रुमानी बेच्ने एमाले मुखिया, रुढीवादी विचार र राजतन्त्रको अपरिहार्यता देख्ने राप्रपा राजेन्द्र लिङ्देन र कमल थापाको वैशाखीमा सिंहदरवारमा प्रवेश गर्ने हुटहुटीमा छन्।

(समसामयिक विषयमा कलम चलाउने कुईंकेल पत्रकार एवं मानवअधिकार रक्षक हुनुहुन्छ।)

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

## सम्पादकीय

### महानगरको सकारात्मक सन्देश

मधेश प्रदेशको एकमात्र महानगरपालिका वीरगंज मुलुककै आर्थिक नगरीको रुपमा परिचित छ । आर्थिक समुन्नती र भौतिक विकासको मापनमा प्रदेशका अन्य शहरको तुलनामा उपल्लो स्थानमा रहेको वीरगंजशहरले सरसफाईमा ध्यानदिएको देखिन्छ ।शहरका मुख्य, सडक, चोक, चौबाटाहरुमा सफासुग्घर देखिन्छन् । एकाविबहानै सडकहरु सफासुग्घर हुनल  शहरको संस्कार प्रर्दशन गर्दछ । महानगरका समस्या अनेकौं होलान। नगरवासीका अपेक्षा अनुसार महानगर जुट्न नसकेको हुनसक्छ ।तर, आमनागरिकमा महानगर प्रतिखआक्रोस कम छ र जनप्रतिनिधी प्रति वितृष्णा छैन भने महानगर प्रमुख विवादभन्दा माथीउठेका छन् भन्न सकिन्छ । जनप्रतिनिधीका लागि सकारात्मक पक्ष हो ।

महानगर प्रमुख राजेशमान सिंहले छोटो समयमा केही उदाहरणीय काम गरेका छन् । प्रदेशको एउटामात्र महानगर र प्रदेश प्रमुख लालबाबु राउतको गृहनगर वीरगंजले गरेका कामहरु प्रदेशका अन्य स्थानिय तहका लागि उदाहरण बन्न सक्छन् ।

सिंहको सक्रियतामा मुलुकको प्रमुख भन्सार नाका वीरगंज-रक्सौलको मितेरी पुल सडक खण्ड कालोपत्रे कामले गति लिएको छ । भारतमा सीमा जोडिएको र मुलुककै प्रमुख भंसार नाका जोड्ने पुल जीर्ण हुनु र सडक खाल्डा खुल्डी र धुलाम्मे हुन अवश्य पनि राम्रो होइन । नगर प्रमुख सडक विभागसँग समन्वय गरेर धुमाम्मे सडकमा कालोपत्रे गर्ने काम गरेका छन् । लामो समय देखि धुलाम्य सडकका कारण सास्ती खेप्दै आएका नेपाल र भारतका सीमा क्षेत्रका बासिन्दाहरु सडक कालोपत्रे हुने भएपछि हर्षित भएका छन् ।नगर प्रमुख सिंहकै पहलमा भारतीय सरकार मातहतको पथ निर्माण विभागले १०६ मिटर लम्बाईको मितेरी पुल मर्मत गर्न थालेपछि नेपाल तर्फको सडक खण्ड कालो पत्रैको काम सुरु भएको हो । वीरगंज-रक्सौल नाकालाई सौन्दर्यीकरण गर्नू अभियान अन्तर्गत कालोपत्रैको काम प्रारम्भिकमात्र रहेको महानगरको भनाई छ । सीमा नाका सफा, सुन्दर र प्राकृतिक हुनसक्यो भने नेपाल प्रवेश गर्ने ठूलो संख्याका भारतीय पर्यटक, तीर्थालुहरुमा नेपालको सुन्दर तस्बीर मनमस्तिष्कमा बस्दछ । नेपाल प्रवेश गर्ने नाकालाई धुँवा धुलो तथा फोहोर, प्रदूषणबाट मुक्त गर्दै व्यवस्थित सडकसहित भारतीय पर्यटकलाई आकर्षित गर्न अभियान शुरु गरेको नगर प्रमुख राजेशमान सिंहको भनाईले पर्यटन प्रवर्द्धनमा बल पुग्दछ ।

केही साता अघिदेखी नगर पूमुखको पहलमा हजारीमल धर्मशाला रहेको स्थानमा पार्किङ्ग सेवा संचालन भएको छ। वीरगंजको व्यस्तव्यापारिक केन्द्र आदर्शनगर क्षेत्रको ट्राफिक व्यवस्थापनका लागि यो सानो आकारको पार्किङ्गले केही राहत दिनसक्छ । वीरगंजमा पुरानो बस पार्क, मालपोत कार्यलय नजिककापार्किङ्ग संचालनमाछन्। वीरगंजको बढ्दो सवारी चापको विकल्प यो होइन ।

सीमा नाकाका सडक, पुल लगायतका भौतिक पूर्वाधारको विकास, मर्मत, संभारको काम र सोन्दर्यिकरणका काम खासमा केन्द्रीय सरकारको जिम्मेवारी हो । वीरगंज नाका प्रमुख भंसार राजस्व संकलन गर्ने नाका हो । मुलुकका लागि  राजस्व लिने तर नाका वेवास्ता छोड्ने संघीय सरकार आफ्नो जिम्मेवारीबाट च्यूत भएको अवस्थामा महानगरले काम गरेको छ ।त्यसो त मधेश प्रदेश सरकारका प्रमुखको गुहनगरको सीमाको हालत थाहा भएर पनि  प्रदेशले  पनि बेवास्ता गर्दे आएको तथ्य छर्लङ्ग छ ।

वीरगंज महानगरका मेयरबाट आम जनतालाई प्रत्यक्ष असर गर्ने काममा सक्रियता देखिएको छ । मेयरबाट सुरु गरिएका प्रशसनिय प्रयास जारी रहुन्।

## मेरो पालिका

# संचार प्रविधिमा अग्रसर बन्दै व्यापारिक नगर गरुडा



- मुकेश साह

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मधेश प्रदेश  अन्तर्गत पर्ने तराई क्षेत्रको जिल्ला रौतहट सदरमुकाम गौर भन्दा २२ कि.मी  उत्तर र चंद्रपुर भन्दा २० कि.मी दक्षिणमा रहेको रौतहट जिल्लाको मध्य भागमा गरुडा नगरपालिका रहेको छ।

पूर्वमा गढ़िमाइ नगरपालिका, पश्चिममा कटहरिया नगरपालिका, उत्तरमा वृन्दावन नगरपालिका र दक्षिणमा माधवनारायण नगरपालिका गरुडाका छिमेकी हुन् । यस नगरपालिकाको क्षेत्रफल ४४.४६ वर्ग कि.मी. रहेको छ। जातिय, धार्मिक, भाषिक, साँस्कृतिक,सामाजिक तथा राजनैतिक महत्व तथा विशेषता बोकेको यस गरुडा नगरपालिकाले आफ्नै खालको धार्मिक, राजनैतिक र सामाजिक महत्व र विशेषता बोकेको छ ।

नेपालमा चर्चित २००९ सालको किसान आन्दोलनको मूल केन्द्र गरुडा नगरपालिकाको महम्मदपुर हो ।देशमा पहिलो किसान सम्मेलन महम्मदपुरमा नै भएको थियो ।सदरमुकाम गौरलाई जोड्न चन्द्रनिगाहपुरबाट सहायक राजमार्गको निर्माण भएपछि गरुडाको कायापलट भएको हो । गरुडाको मूल चोकमा सालिक रहेको मेथुर चौधरीले गरुडा चोक बसाएका र बनाएका हुन् । आजको गरुडा जसरी विकसित देखिन्छ, त्यसमा चौधरीको अतुलनिय योगदान छ ।

घनाबस्ती रहेको गरुडा नगरपालिकाको कूल जनसंख्या करिब ६० हजार र साक्षरता लगभग ६० प्रतिशत रहेको नगरका प्रमुख प्रशासकीय अधिकृत रामबाबु राय यादव बताउँछन् ।

गरुडा नगरपालिका हिन्दू धर्मावलम्बीको बाहुल्य छ भने इस्लाम धर्मावलम्बी पनि सम्मानित संख्यामा छ । केही परिवार क्रिस्चियन पनि रहेको देखिन्छ । यहाँको जनसंख्यामा यादव जातिको बाहुल्य छ । साथै तेली, कानु, कलवार, मलाह, बनिया, बाहुन, धोबी, कुर्मी, धानुक, बिन, डोम, दुसाध, चमार, तत्मा, सोनार, कायस्थ, लोहार, मुसहर आदि जातिको बसोबास रहेको छ । मुस्लिम समुदायको पनि बाक्लो उपस्थिति छ । गरुडामा मुडभरी थरका पहाडी समुदायको भने एउटामात्र परिवारको बसोबास छ ।

छठ पबनी यहाँको सबैभन्दा ठूलो पर्व हो । दशैँ र होली पनि अत्यन्त धुमधामका साथ मनाइन्छन् । चैती छठ पनि खूब धुमधामका साथ मनाइन थालिएको छ । अन्य चाडपर्वको पनि खूबै रौनक हुन्छ । मुस्लिम समुदायको इद, बकरिद र दाहा पनि प्रख्यात पर्वहरु हुन् ।

बज्जिका यहाँको मुख्य मातृभाषा हो । नेपालमा बज्जिका भाषाको सबैभन्दा बढी गतिविधिहरु गरुडामा नै संचालन हुने गरेका छन् । यहाँ केही परिवारले मैथिली पनि बोल्ने गरेका छन् । मुस्लिम समुदायले फरक किसिमले बज्जिका बोल्दछन् । सरकारी कामकाजमा नेपाली भाषाको प्रयोग हुने गरेको भए पनि मातृभाषा बज्जिकाको पठनपाठन विद्यालयस्तरमा सुरु भइसकेको छ ।

गरुडा बजारमा रहेको वंशीराम जयसवाल अनाथालय यस जिल्लाकै परोपकारी संस्था हो । यहाँ अनाथ बालबालिकाहरुलाई बसोबास तथा अन्य सुविधा उपलब्ध गराइएको छ।

गरुडा नगरपालिका धार्मिक दृष्टिकोणले निकै महत्वपूर्ण रहेको छ । जिल्लाको सबैभन्दा ठूलो धार्मिकस्थल गरुडाको शिवनगर हो । यहाँ वर्षेनी लाखौं दर्शनार्थी दर्शन र पूजा गर्न आउँछन् । हरेक वर्ष वसन्तपञ्चमीको दिन यहाँ ठूलो मेला लाग्दछ । यसै गरी महाशिवरात्री, वैशाख महिनाको कृष्ण र शुक्ल त्रयोदशी, भदौ महिनाको कृष्ण र शुक्ल त्रयोदशीको दिन पनि भव्य मेला लाग्दछ । साउन महिनाभर यहाँ विशेष पूजा हुन्छ र साउनको हरेक सोमवार लाखौँ दर्शनार्थी श्रद्धालुहरु आउँछन् ।



यहाँ वर्षभरि पूजा भइरहन्छ । मेला भर्न नेपालको रौतहट, सर्लाही, महोत्तरी, बारा, पर्सा र सिन्धुलीबाट श्रद्धालुहरु आउँछन् भने भारतको पनि विभिन्न जिल्लाबाट दर्शन तथा पूजा गर्न मानिसहरु आउने गरेका छन् । यहाँ गणिनाथ-गोविन्द मन्दिर, विश्वकर्मा मन्दिर, दुर्गा मन्दिरका साथै आधा दर्जनभन्दा बढी धर्मशालाहरु निर्माण भइसकेका र निर्माणाधीन अवस्थामा रहेका छन् ।

गरुडा बजारमा रहेको दुर्गा मन्दिर पनि प्रसिद्ध शक्तिपीठ हो । हरेक वर्ष असोजको दशैंमा यहाँ ठूलो मेला लाग्दछ । गरुडा बजारमै रहेको हनुमान मन्दिर पनि निकै प्रसिद्ध छ ।

पुर्नी गेडहीमा रहेको भगवती मन्दिर सर्वप्राचीन मन्दिर हो । यहाँ बुढियामाईको नइहर (माइती) रहेको लोकमान्यता रहेको छ ।

गरुडा बजारभन्दा करिब साढे दुई किलोमिटर पूर्व-दक्षिण चानी नदीको किनारमा गढीमाई मन्दिर पनि रहेको छ। जहाँ हरेक पाँच वर्षमा मेला लाग्ने गरेको छ । जिल्लामा आर्थिक नगरीको उपाधि प्राप्त गरुडा बजारसँगै यहाँ बिर्ता, शिवनगर, जयनगर र झाँझपुल पनि आर्थिक गतिविधिका केन्द्र हुन । यहाँ गरुडा, विर्ता, रघुनाथपुर, शिवनगर, जयनगर, झाँझपुल, महम्मदपुरमा हप्तामा दुई पटक हाटबजार लाग्ने गरेका छन् । कृषि उपज बिक्री वितरणको दृष्टिकोणले हाटबजारहरु निकै महत्वपूर्ण रहेका छन् । मंगलवार र शनिवार गरुडा बजारमा लाग्ने हाटबजार पशु बजार पनि हो । जिल्लाको हरेक पालिकासित गरुडाको सोझो र सकारात्मक आर्थिक सम्बन्ध अर्थात् कारोबारको सम्बन्ध रहेको छ भने सर्लाही जिल्लासम्म गरुडाको व्यापार हुने गरेको छ । केही अंशमा बारा जिल्लासम्म गरुडाको व्यापार विस्तार भएको छ ।

पर्याप्त बजार क्षेत्र रहेकोले व्यावसायमा धेरै मानिस संलग्न छन् । होटल व्यवसाय गरुडामा फस्टाएको छ भने मासुको विशेष परिकार बनाइने कटिया यहाँको लोकप्रिय भोज्यपदार्थ हो । देशकै झन्डै सबैभन्दा ठूलो चिनी मिल गरुडामै रहेको छ तर बन्द छ । पशुपतिनाथ आयुर्वेद भवन पुरानो र प्रतिष्ठित उद्योग हो । तेल, चिउरा र चामलका मझौला उद्योगहरु आधा दर्जनको संख्यामा रहेको गरुडामा साना उद्योगहरु पनि संचालनमा छन् ।

अधिकांश नागरिकको मुख्य पेसा कृषि रहेको यथार्थ हो । सेवा क्षेत्रमा पनि धेरै जनशक्ति कार्यरत छन् । गरुडामा एक दर्जनभन्दा बढी बैंक तथा वित्तीय संस्थाहरु रहेका छन् ।

गरुडा नगरपालिकामा सामुदायिक २३ विद्यालय छन् जसमा सात माध्यमिक विद्यालय छन् । यसै गरी कक्षा १० सम्म पठनपाठन हुने संस्थागत विद्यालयको संख्या पनि आधा दर्जन रहेको छ भने तल्लो तहको

बाँकी पृष्ठ ६ मा

# अबको युग डिजिटल करेन्सीको, ठगिने कि जोगिने छनौट तपाइंको



- विनोद अधिकारी

पैसाले अहिलेको समयमा यति महत्व पायो कि अब मानव जीवनको निम्ति प्राणपछिको प्रिय वस्तु संभवतः पैसा नै हुन पुगेको छ। यथार्थमा पैसा वस्तु विनिमयको साधन हो र यसले जीवनपद्धतिलाई धेरै सजिलो बनाइदिएको छ। भौतिक रूपमा प्रयोग गरिँदै आएको त्यही पैसा अब क्रमशः विद्युतीय मुद्राको रूपमा परिणत हुँदै गएको छ र यसलाई डिजिटल करेन्सी भन्ने गरिएको छ।

विद्युतीय स्वरूपमा प्राप्त गरिने मुद्रा डिजिटल करेन्सी हो। यसैलाई डिजिटल मनी, इलोक्ट्रोनिक मनी, साइबर क्यास आदि पनि भनिन्छ। यो अभौतिक मुद्रा हो। यो देखिँदैन तर विद्युतीय विधिबाट यसको कारोबार भने गरिन्छ। फिजिकल करेन्सी भनेको देखिने भौतिक मुद्रा (नोट तथा सिक्का) हो, जसको लेनदेन भौतिक स्वरूपमै हुन्छ।

वास्तवमा पैसा मानवसँगै जन्मिएको होइन। मानव विकासको क्रमसँगै विकास भएको वस्तु विनिमय प्रणाली (बार्टर सिष्टम) सजिलो उपजको रूपमा आविष्कार भएको वस्तु हो। समयसँगै यसका रूप फेरिएका छन्। यसको कारोबार गर्ने, प्रयोग गर्ने तरिका पनि फेरिएका छन्। त्यसैको फलस्वरूप अहिले ए.टि.एम. कार्ड, क्यू.आर.कोड, पि.ओ.एस जस्ता विभिन्न माध्यमबाट पैसाको कारोबार हुन थालेको छ।

इसापूर्व ५०० वर्षबाट नेपालमा पैसाको चलन आएको बुझिन्छ। सुरूमा सिक्का पैसा वस्तु विनिमयको माध्यम बन्यो। सुरूको अवस्थामा सिक्काहरू माटाका भएको तथ्य भेटिन्छ। टिकाउ र प्रयोग गर्न अझ सजिलो बनाउने क्रममा सिक्काहरू धातुबाट बनाउन थालिए। यस्ता धातुका सिक्काहरू गह्रौं हुने भएकाले ढुवानी गरी यत्रतत्र पुर्याउन सजिलो होस् भनी बीचमा प्वाल भएका सिक्काहरू प्रचलनमा ल्याइएको विषय पनि नेपाली सिक्काहरूको इतिहासबाट स्पष्ट हुन्छ।

समयको परिवर्तनसँगै नेपालमा पैसाको प्रयोगलाई सहज बनाउन विक्रम सम्वत् २००२ बाट सिक्काका साथसाथै कागजी नोटको पनि सुरूवात भयो। अहिले नेपालमा साना दरका सिक्का पैसाहरूको केही प्रयोग भैरहेको भए पनि मूलतः भौतिक मुद्रा (फिजिकल करेन्सी) को रूपमा नोटहरूकै चलन छ। यसका साथै सूचना प्रविधिको तीव्र विकासका कारणले विद्युतीय मुद्राको प्रयोग दिनानुदिन बढ्दै गएको छ। नेपाल सरकारले पनि विद्युतीय मुद्राको प्रयोगलाई बढावा दिँदै आ.व.२०७९/०८० को बजेटमा वित्तीय कारोबारलाई विद्युतीय प्रणालीमा आधारित बनाइने र पूर्ण डिजिटल बैंक स्थापना गर्न आवश्यक व्यवस्था मिलाइने कुरा उल्लेख छ।

सन् २००८ को विश्वव्यापी आर्थिक संकटको अवस्थापछि संसारमा डिजिटल बैंकहरू खुल्न थालेको र २०१४ पछि बढ्दो क्रममा रहेको देखिन्छ। कोरोनाको महामारीले डिजिटल बैंकिङ् कारोबारमा मानिसको चासो र सहभागिता बढाउन झन् सहयोग पुर्यायो। अहिले संसारभरि यसको प्रयोग ह्वात्तै बढेको छ। नेपालको सन्दर्भमा गत वर्ष २०७८ मंसिरको तथ्यांकलाई आधार मान्दा करिब ४५ सय ए.टी.एम. काउण्टर छन् र एक करोड हाराहारीमा ए.टी.एम्. कार्डहरू वितरण भएका छन्। ३ करोड ९४ लाख बैंक खाता छन् र आधाभन्दा बढीले मोबाइल बैंक प्रयोग गर्ने गरेका छन्। विद्युतीय बैकिङको माध्यमबाट अहिले रजिष्ट्रेशन तथा सेवाशुल्कहरू, सवारी कर, जरिवाना आदि भुक्तानी गर्न मिल्छ। शिक्षण संस्था, होटल, रेष्टुरेन्ट, हवाइ तथा बस, रेल, सिनेमा आदिका शुल्क तिर्न तथा टिकटहरू किन्न पनि विद्युतीय विधिबाटै गर्न मिल्छ। बिजुली पानी आदिको बिल भुक्तानी देखि खाद्यान्न, लुगाफाटा, औषधि लगायतका वस्तुहरू किनमेल गर्दाको पैसाको भुक्तानी पनि यही विधिबाट गर्न सकिन्छ। त्यसैले पनि यसको प्रयोग निरन्तर बढ्दो छ।विद्युतीय माध्यमबाट गरिने कारोबारले समयको बचत हुने, पैसाको सुरक्षा हुने, वित्तीय गोपनीयता कायम हुने, कारोबारमा पारदर्शिता हुने, सेवा विश्वसनीय तथा छिटो छरितो हुने, कारोबारको अभिलेख हुने जस्ता धेरै फाइदाहरू छन्। पैसाको कारोबार वा लेनदेन सम्वन्धी





आपराधिक क्रियाकलापहरूको न्यूनीकरण गर्न, नोटको छपाइ खर्च र देशका विभिन्न ठाउँमा नोटहरूको ढुवानी गर्न लाग्ने खर्चको बचत गर्न पनि यसले सहयोग पुर्याएको छ। त्यसैले विद्युतीय विधिबाट गरिने पैसाको कारोबारले देशको समुन्नति/समृद्धि प्राप्तिमा ठूलो योगदान पुर्याउन सक्छ।

विद्युतीय माध्यमबाट गरिने कारोबारले समयको बचत हुने, पैसाको सुरक्षा हुने, वित्तीय गोपनीयता कायम हुने, कारोबारमा पारदर्शिता हुने, सेवा विश्वसनीय तथा छिटो छरितो हुने, कारोबारको अभिलेख हुने जस्ता धेरै फाइदाहरू छन्। पैसाको कारोबार वा लेनदेन सम्वन्धी आपराधिक क्रियाकलापहरूको न्यूनीकरण गर्न, नोटको छपाइ खर्च र देशका विभिन्न ठाउँमा नोटहरूको ढुवानी गर्न लाग्ने खर्चको बचत गर्न पनि यसले सहयोग पुर्याएको छ। त्यसैले विद्युतीय विधिबाट गरिने पैसाको कारोबारले देशको समुन्नति/समृद्धि प्राप्तिमा ठूलो योगदान पुर्याउन सक्छ।

डिजिटल बैंकिङ्गका धेरै फाइदाहरू छन्, तर यसको प्रयोगका लागि केही कुरा वा शर्तहरू पनि आवश्यक पर्छन्। जसलाई यसका चुनौतिका पक्षहरू पनि भन्न सक्दछौं। जस्तैः यसको प्रयोगका लागि केही प्राविधिक ज्ञान, सीपको आवश्यकता पर्छ। त्यसैले सामान्य पढलेख गर्न नसक्ने मानिसहरूको लागि समस्या आउन सक्दछ। नेटवर्किङ्गको क्षमता भएका मोवाइलहरू वा कम्प्युटरको पनि आवश्यकता पर्छ। यसको अर्को अपरिहार्य पक्ष भनेको नेटवर्क अर्थात् इन्टरनेट प्रणाली हो। इन्टरनेट नहुँदा सामान्य एस.एम.एस. बाहेक अन्य सेवा लिन सकिँदैन। भौतिक पैसा अर्थात् नोट वा सिक्काको प्रयोगमा बानी परिरहेको अवस्थामा डिजिटल कारोबारप्रति विश्वास जगाउन आवश्यक चेतना विस्तार गर्नुपर्ने हुन्छ। कारोबार गर्दा भुलवस रकम बढी वा कम हुन (पोष्ट हुन) गयो भने, कम हुँदा असमझदारी वा झगडा हुने र बढी हुन गएको बेला फिर्ता नपाइने अवस्था आउन सक्दछ। व्यक्तिगत कारोबारमा यस्ता समस्या धेरै देखिन सक्दछन्। पारिवारिक आयव्यय अर्थात् पैसाको कारोबारमा परिवारका सदस्य बीच एक अर्काप्रतिको सुझबुझ र विश्वास भएन भने परिवारमै आर्थिक मनमुटाव आउन सक्दछ। पैसाको कारोबार सहजै गर्न सकिने हुनाले ऐच्छिक अर्थात् रहरका खर्चहरू बढ्ने र बचतमा कमी आउने संभावना हुन्छ। गलत नियत भएका मानिसहरूले आफ्नो खाताबाट पैसा झिकिदिने (ह्याक गर्ने) कारोबारको अंक बिगारी ठगी गर्ने जस्ता चुनौति यसका आउन सक्दछन्। यस्ता कुराहरूले गर्दा पैसाको डिजिटल कारोबारमा ढुक्क हुन पाउने अवस्था छैन, बरू यसका लागि केही सावधानीहरू अपनाउन भने अवश्य पर्छ।

पैसाको डिजिटल कारोबारको लागि एकपटक, एक दिन वा एक महिनामा कति कारोबार गर्न पाइन्छ भन्ने भन्ने बारेमा त्यसको सीमा पनि तोकिएका छन्। यस्तो कारोबारलाई व्यवस्थित गर्न वित्तीय बजारको अवस्थालाई विश्लेषण गरेर नेपाल राष्ट्र बैंकले बेला बेलामा आवश्यक सूचना तथा निर्देशनहरू जारी गरेको हुन्छ। त्यसैले कारोबार गर्नु अघि त्यस्ता सूचना तथा निर्देशनको बारेमा आवश्यक जानकारीहरू लिइरहनुपर्छ।

सामाजिक चिनजानका मान्छेको नाममा रकम माग गर्ने, कसैले फोन गरेर वा बैंकबाट फोन गरेको भनी इन्टरनेट अथवा मोबाइल बैंकिङ्गको युजरनेम, पासवर्ड माग्ने, नक्कली वेभसाइट बनाइ ठगी गर्ने जस्ता कुराबाट बच्न विशेष ध्यान दिनुपर्छ। एस.एम.एस. मार्फत ठूलो रकमको चिट्ठा परेको भनी लोभ देखाइ उक्त चिट्ठा रकम हस्तान्तरण गर्ने बहानामा रकम माग गर्नेजस्ता काम पनि हुने भएकाले त्यसमा सजग हुनुपर्छ। अनावश्यक, अनधिकृत एपहरू आफ्नो मोबाइलमा डाउनलोड गर्नुहुँदैन। कसैले रकम भुक्तानी गर्ने बहानामा क्यू.आर. कोड पठाएको वा एपको पासवर्ड आवश्यक छ भनेर म्यासेज गरेको भए त्यसलाई शंकास्पद रूपमा लिनुपर्छ किनभने रकम भुक्तानी लिन त्यस्तो कोड र पासवर्ड आवश्यक हुँदैन।

पैसाको डिजिटल कारोबारमा केही जोखिमहरू पनि आउन सक्ने भएकोले त्यसमा सहभागी हुँदा आवश्यक केही कुराहरूमा ध्यान दिनु तथा सावधानी अपनाउनु अनिवार्य छ। यस सम्बन्धमा नेपाल राष्ट्र बैंकले सूचना जारी गरेको छ। जस अनुसार अपरिचित र आफूलाई विश्वास नभएको व्यक्तिलाई कुनै पनि माध्यमबाट आफ्नो गोप्य पासवर्ड वा ओ.टि.पी.(पैसाको विद्युतीय कारोबारका लागि बैंक, वित्तीय संस्थाले दिने गोप्य पासवर्ड) जानकारी गराउन हुँदैन। पैसाको कारोबार गर्न प्रयोग हुने एपमा प्रयोग हुने पासवर्ड बेला बेलामा परिवर्तन गरिरहनुपर्छ। सामाजिक चिनजानका मान्छेको नाममा रकम माग गर्ने, कसैले फोन गरेर वा बैंकबाट फोन गरेको भनी इन्टरनेट अथवा मोबाइल बैंकिङ्गको युजरनेम, पासवर्ड माग्ने, नक्कली वेभसाइट बनाइ ठगी गर्ने जस्ता कुराबाट बच्न विशेष ध्यान दिनुपर्छ। एस.एम.एस. मार्फत ठूलो रकमको चिट्ठा परेको भनी लोभ देखाइ उक्त चिट्ठा रकम हस्तान्तरण गर्ने बहानामा रकम माग गर्नेजस्ता काम पनि हुने भएकाले त्यसमा सजग हुनुपर्छ। अनावश्यक, अनधिकृत एपहरू आफ्नो मोबाइलमा डाउनलोड गर्नुहुँदैन। कसैले रकम भुक्तानी गर्ने बहानामा क्यू.आर. कोड पठाएको वा एपको पासवर्ड आवश्यक छ भनेर म्यासेज गरेको भए त्यसलाई शंकास्पद रूपमा लिनुपर्छ किनभने रकम भुक्तानी लिन त्यस्तो कोड र पासवर्ड आवश्यक हुँदैन। वेभसाइट मार्फत विद्युतीय कारोबार गर्नु अगाडि त्यो वेभसाइट आधिकारिक हो होइन राम्ररी बुझ्नुपर्छ। सामाजिक सञ्जाल वा कुनै विद्युतीय माध्यमबाट म्यासेज पठाइ रकम पठाउन आग्रह गरेमा रकम पठाउनुअघि सोही व्यक्तिले रकम माग गरे नगरेको ब्यहोरा अन्य माध्यमबाट यकीन गरेर मात्र रकम पठाउनु पर्छ।

पैसाको विद्युतीय कारोबार सम्बन्धमा माथि उल्लेख भएका र अन्य कुनै त्यस्तै कुरामा आफू ठगिएको शङ्का लागेमा अथवा कुनै गुनासो रहेमा आफूले कारोबार गर्ने गरेको बैंक तथा वित्तीय संस्थामा आफ्नो समस्याको बारेमा जानकारी गराउन, गुनासो वा उजुरी दर्ता गर्न सकिन्छ। साथै नेपाल राष्ट्र बैंकबाट बेला बेलामा विभिन्न वित्तीय सूचना तथा निर्देशनहरू जरी भइरहने हुनाले त्यसप्रति चासो राख्ने र अद्यावधिक भैरहने बानीले पैसाको विद्युतीय कारोबारबाट ठगिन वा दुःख पाउनबाट बच्न सकिन्छ। विद्युतीय कारोबार समयको माग भइसकेको छ, अतः यसको बारेमा आवश्यक ज्ञान, सीप हासिल गर्न र यसको उचित प्रयोग गरी आफ्नो पैसाको कारोबारलाई सजिलो बनाउन सबैको लागि अनिवार्य भएको छ।

श्रोत : आइएनएस-स्वतन्त्र समाचार

# स्याउको सान, साइपालको मान

बझाङ, २४ कात्तिक

बुङ्गल नगरपालिका-३ का जनक बोहरा सिलदेवी मेलाका लागि हप्ता दिन नै सदरमुकाम चैनपुर बस्नुभयो । फर्कने बेलामा कोसेलीका लागि भन्दै उनले निरन्तर स्याउ खोजे , त्यसमा पनि साइपालमै फलेको । दिनमा एक पटक बजार डुलिरहे । घर जान लागेकै दिन संयोगवस मल्लो बजारमा एक बोरा साइपाले स्याउ भेटे् र सबै खरिद गरेर घरतर्फ लागे । उनले लगातार साइपालकै स्याउ किन खोजे ? धेरैको मनमा प्रश्न उब्जन सक्छ । बोहरालाई साइपाल बसेको लामो अनुभव छ । दसैं तिहारको समयबाहेक उहाँ साइपालमै बस्छन । घर आउँदा विशेष गरी उनको कोसेली नै स्याउ हुन्छ । उनका छिमेकीले समेत साइपाले स्याउको स्वाद चाखेका छन् । बोहोरा घर आउन लागेको थाहा पाएपछि साइपाले स्याउकै माग हुन्छ । बजारमा जतिसुकै स्याउ आए पनि साइपालको जस्तो मीठो अन्त नहुने भन्दै चैनपुर आएको मौकामा स्याउ खोजेको उनले बताए । उनले भने , बजारमा धेरै प्रकारको स्याउ आउँछ । हाम्रै बझाङमा पनि विभिन्न क्षेत्रको स्याउ पर्याप्त हुन्छ तर, स्वादिलो भने साइपालकै हुन्छ । बुङ्गलको स्याउको लोकप्रियता पनि कम छैन, उनले भने , साइपालको स्याउ धेरैजसो धेरै पटक खाएको हुँदा बुंली (बुङ्गली) स्याउको स्वादै लाग्दैन । स्याउ खानु पर्‍यो भने साइपालेकै याद आइहाल्छ । साइपालको स्याउले बजार पाए दिनमै लाखौंको बिक्री हुने उहाँले अनुमान गरे । साइपाले स्याउको बजार टाढा भएर मात्रै हो । नत्र त यो स्याउ तराईसम्म पुग्ने हो भने दैनिक दसौं क्विन्टल बिक्री हुन्थ्यो । उनी भन्छन । खप्तडछान्ना गाउँपालिका-५ का कुलप्रसाद जोशी पनि साइपालको स्याउ सम्झिने बित्तिकै मुख रसाउने बताए । साइपालका विभिन्न वडामा स्याउ सिजनमा नै धेरै पटक गएको हुँदा साइपाले स्याउ जतिको मीठो अन्य ठाउँको नलाग्ने उनले बताए । म जति पटक साइपाल गएँ, त्यति पटक नै एक/एक झोला साइपाले स्याउनै ल्याएँ । चिसोका कारण साइपालमा स्याउ मीठो हुने गरेको उनले बताए । साइपालको स्याउ सबैका लागि डाँडापारि सुन छ, भनेजस्तै छ, उनले भने , तर, खच्चरमा ढुवानी गरेर सदरमुकामसम्म ल्याएको स्याउ संसारभर उत्पादन हुने स्याउसँग दाँज्ने हो भने पनि उत्कृष्टमा पर्न सक्छ । साइपालको स्याउको स्वाद चाख्नेले कहिल्यै नबिर्सिने गरेको उनले बताए । पछिल्लो दुई वर्ष भने साइपालबाटै एक/दुई झोला स्याउ खच्चरमार्फत मगाएँ, उनले भने , साइपालको स्याउ आयातभन्दा सस्तो पनि मीठो पनि । भारत तथा अन्य जिल्लामा आउने स्याउभन्दा रु २०/३० सस्तो पर्ने गरेको उहाँले बताए । साइपालमा स्याउ उत्पादन बढ्दै गएको छ । सुरूमा आफैंलाई खानका लागि लगाउने कृषक अहिले व्यावसायिक रूपमै गर्न थालेका छन् । साइपाल गाउँपालिकाका निवर्तमान अध्यक्ष राजेन्द्र धामीले मात्रै सयौं बोट स्याउ लगाएका छन । सुरूमा आफैंलाई खानका लागि दुई बोट लगाएको थिएँ । अहिले चार/पाँच सय बोट लगाएको छु । पन्ध्र/बीस बोट त फल्न लागिसके । उनले भने । धामीका अनुसार साइपालमा स्याउ ब्लक क्षेत्र भनेर कृषकले हजारौं बिरुवा रोपेका छन् । उत्पादन पनि भइरहेको छ तर, बजार नपाउँदा सस्तोमै गाउँमा बिक्री गरिरहेका छौं । उनले भने । गाउँमा रु ६०/७० मै बिक्री गर्ने गरेको उनले बताए । स्याउ ढुवानी गर्न निकै कठिन छ, उनले भने , बिरुवा रोपेको तीन वर्षमै फल्न सुरू भइसक्यो । बिक्रीका लागि बजारमा ल्याउन बाटो नै छैन । बोकेर सम्भव नै हुँदैन । थोरै थोरै सामान बोकेर फर्कने खच्चरमा पठाइरहेका छौं । हिउँ परेपछि खच्चर ढुवानी पनि बन्द हुन्छ । साइपालमा राजेन्द्र धामीजस्तै एक दर्जन किसानले स्याउ फलाउन सुरू गरेका छन । वडा नम्बर ४ को धुली, गजेरा, धलौन, लातडी, ज्यापी, सोगौली, सैनगाउँ र गजेरा, वडा नम्बर ५ को तिउना, पलौडी, काकरकोटमा स्याउको उत्पादन फस्टाउँदै गएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राधाकृष्ण जोशीले बताए । जोशीका अनुसार कृषि शाखाबाट लिएर स्याउको बिरूवाहरू कृषकले बढी रोप्न थालेका छन् । कतिपयले उत्पादन गरेर बिक्रीसमेत गर्न थालिसके । कृषकले उत्पादन गरेको स्याउको बजारीकरणका लागि ढुवानी गर्न पालिकाले बजेट छुट्याएको छ । ढुवानीको लागि पैसा पर्दैन । कृषकले उत्पादन गरे पनि निकै फाइदा हुन्छ । उनले भने । यता कृषि ज्ञान केन्द्रले पनि साइपालमा स्याउ उत्पादन गर्नका लागि रु १५ लाख अनुदान दिएको बताएको छ । कृषि ज्ञान केन्द्र बझाङका प्रमुख टेकबहादुर विष्टले उच्च घनत्व स्याउ संरक्षणका लागि साइपालमा १५ लाख दिएको बताए । उनले भने , बझाङका विभिन्न ठाउँमा स्याउको सम्भावना भए पनि साइपालमा चिसो हुने हुँदा हामीले बढी जोड दिएका छौं । त्यसैमाथि साइपालमा फल्ने स्याउ बजारको रोजाईमा पनि पर्न थालेको हो । विष्टले स्याउका लागि सबैभन्दा चिसो ठाउँ भयो भने स्याउ स्वादिष्ट हुने बताए । चिसो ठाउँको उत्पादन स्वादिष्ट पनि हुन्छ, बजार पनि पाउँछ । त्यसैले हाम्रो पहिलो रोजाई पनि बर्सेनि हिमपात हुने क्षेत्र साइपाल परेको हो । अन्य पालिकामा पनि केन्द्रले सहयोग गर्दै आएको छ । विष्टका अनुसार बझाङमा सबैभन्दा बढी स्याउ साइपाल, थलारा, खप्तडछान्ना, तल्कोट तथा बुङ्गलको सिरानीमा उत्पादन हुने गरेको छ । अन्य पालिकामा पनि स्याउको उत्पादन बढ्दै गएको उहाँले बताए । यो सिजनमा मात्रै बझाङबाट डेढ सय मेट्रिक टन स्याउ निर्यात भएको विष्टले बताए । विभिन्न पालिकाबाट करिब डेढ सय मेट्रिक टन स्याउ निर्यात भएको छ भने जिल्लामै दुई/तीन मेट्रिक टन बराबर खपत भएको अनुमान गरेका छौं । उनले भने । जिल्लामै प्रति किलो रु सय बिक्री हुने स्याउ तराईंका जिल्लासम्म पुग्दा रु डेढदेखि दुई सयसम्म बिक्री हुने गरेको उनले बताए । खप्तडछान्ना गाउँपालिका-६ पुजारीगाउँका डबलबहादुर खड्का उमेरले ७० वर्ष कटिसकेका छन । उनी युवा उमेरदेखि नै भारतको सिम्ला पहाडमा सिजनअनुसार धेरै पटक स्याउ बोक्न गए । आफ्नै भूमिजस्तो ठाउँमा पर्याप्त स्याउ फलेको देखेपछि डेढ दशकअघि नै उनले खालिगडामा करिब पाँच सय बिरुवा रोपे । अहिलेको जस्तो अनुदान केही थिएन, खड्काले भने , सिम्ला पहाडमा स्याउ बोकेर कमाएको पैसाले नै स्याउका बिरुवा खरिद गरेँ र आठ/नौ फिटको अन्तरमा खाल्डो खन्दै रोपेँ । रासस

# बढ्दो ब्याजदर र आयातमा लागेको प्रतिबन्ध बन्द हुनथाले सवारीसाधन बिक्रीका शो रुम

काठमाडौं, २२ कात्तिक

सरकारले वैदेशिक मुद्राको सञ्चिति जोगाउन सवारी साधनको आयातमा लगाएको प्रतिबन्धका कारण केही शोरुम बन्द भएका छन् । सरकारले विद्युतीय सवारी साधनको आयातमा रोक नलगाएको भए पनि डिजेल तथा पेट्रोलबाट चल्ने चार पाङ्गे गाडी आयातमा प्रतिबन्ध लगाइएको छ । देशमा विदेशी मुद्राको सञ्चितिमा कमी भएको भन्दै सरकारले गत वैशाखयता निजी प्रयोजनमा हुने कार, भ्यान तथा जिप आयातमा रोक लगाएको छ । लामो समयदेखि आयात रोकिएका देशभर सञ्चालित गाडीका अधिकांश डिलर बन्द हुन थालेको नाडा अटोमोबाइल्स एशोसिएशन अफ नेपाल (नाडा) ले जनाएको छ । गत साउनसम्मको विवरण अनुसार यस क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको झण्डै रु ९५ अर्ब लगानी भएको छ । एकातिर बैंक तथा वित्तीय संस्थाको ब्याजमा भएको वृद्धि तथा आयातमा भएको प्रतिबन्धका कारण व्यवसायी मारमा परेका छन् । नाडाको पछिल्लो तथ्याङ्क अनुसार आयातमा लगाइएको प्रतिबन्धका कारण ५८ डिलर बन्द भएका छन् । यस्तै, थप एक सयसम्म शो रुम बन्द हुने क्रममा पुगेका छन् । जसमा प्रदेश नं १ मा नौ, मधेस प्रदेशमा ११, वाग्मती प्रदेशमा १८, गण्डकी प्रदेशमा सात, लुम्बिनी प्रदेशमा तीन, कर्णाली प्रदेशमा सात र सुदूरपश्चिम प्रदेशमा तीन वटा सोरुम बन्द भएका हुन् । नाडाका अनुसार हाल नेपालमा एक हजार २५ वटा सवारी साधन बिक्री गर्ने शोरुम छन् । जसमा प्रदेश नं १ मा एक सय ४५, मधेस प्रदेशमा ९५, वाग्मती प्रदेशमा तीन सय ७८, गण्डकी प्रदेशमा एक सय ८२, लुम्बिनी प्रदेशमा एक सय पाँच, कर्णाली प्रदेशमा ६२ र सुदूरपश्चिम प्रदेशमा ५८ वटा शोरुम छन् । नाडाका महासचिव सुरेन्द्रकुमार उप्रेती सवारी साधनको आयातमा लगाइएको प्रतिबन्ध लम्बिदा यो व्यवसाय नै धरापमा परेको बताउछन । हामीले सरकारसँग पटक/पटक गाडी आयातमा लागेको प्रतिबन्ध हटाउन आग्रह गर्दै आएका छौं, सरकारबाट



प्रतिबन्ध हट्ने आश्वासन पर्‍यौं, तर हटाइएन, उनले भने , मङ्सिर मसान्तपछि पनि आयात प्रतिबन्ध कायमै रहेमा काठमाडौं उपत्यकामा सञ्चालित सबै डिलर बन्द हुनेछन् । उनले लामो समयदेखि कारोबार नहुँदा बैंकबाट ऋण लिएर कर्मचारीको व्यवस्थापन गर्नुपरेको बताए । वैशाखदेखि गाडी आएको छैन्, गाडी नभए पनि हामीले कर्मचारीलाई तलबदेखि प्रशासनिक खर्च नियमित रुपमा भइरहेको छ, साना गाडीका डिलरहरुले खर्च धान्न नसक्दा बन्द गरिसकेका छन्, यही अवस्था जारी भएमा ठूला गाडीका शोरुमसमेत बन्द हुने अवस्था आयो, उनले भने । उनले हाल केही डिलरले वैकल्पिक व्यवस्था गरेर काम गराएर कर्मचारीको व्यवस्थापन गर्न थालेका छन् भने अधिकाशं डिलरले पछि राख्ने सहमतिमा कर्मचारी कटौती गर्न थालेका जानकारी दिनुभयो । देशभरका गाडीका डिलर बन्द भएसँगै एक हजारभन्दा बढी कर्मचारी जागीरबाट निकालिएको नाडाले जनाएको छ ।उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गत बैशाख १३ गते देशमा विदेशी मुद्रा सञ्चितिमा कमी आएको भन्दै राजपत्रमा सूचना प्रकाशन गर्दै विभिन्न दश वस्तु आयातमा प्रतिबन्ध लगाएको थियो । पछिल्लो समय सरकारले उक्त वस्तुको आयात प्रतिबन्धलाई निरन्तरता दिँदै आगामी मङ्सिर मसान्तसम्मका लागि निरन्तरता दिएको छ ।अन्य वस्तुको प्रतिबन्धलाई खुलाए पनि सरकारले सबै प्रकारका तयारी मदिरा (औद्योगिक कच्चापदार्थ), तीन सय अमेरिकी डलरभन्दा बढी मूल्यका स्मार्टफोन, एम्बुलेन्स र शवबाहनबाहेक जिप, कार र भ्यान एवं एक सय ५० सिसीभन्दा माथिका मोटरसाइकलको आयात मङ्सिर मसान्तसम्म रोकेको छ ।रासस

# किसान खेतमा चुनावी पर्चा घरमा

चितवन, २४ कात्तिक

यतिबेला जिल्लाका किसान खेतखेतमा छन् । उनीहरु धान थन्क्याउन, खेत खनजोत गर्न र तरकारी लगाउनमा व्यस्त छन् । यही समयमा परेको निर्वाचनको किसानलाई चासो छैन । मत माग्न घरमा पुगेका उम्मेदवार पर्चा घरमा छाडेर हिँड्ने गरेका छन् । कतिपय उम्मेदवार खेतबारीमै पुग्ने गरेका छन् । भोट माग्न खेतमा पुगेका उम्मेदवारलाई समय नमिलाएर निर्वाचन तोकेको भन्दै कतिपयले गालीसमेत गर्ने गरेका छन् । कतिपयले समयमा मल नपाएको गुनासो उम्मेदवारलाई गर्ने गरेका छन् । चितवनको मध्य र पश्चिम क्षेत्रमा धान थन्क्याउने चटारो छ भने पूर्वी क्षेत्रमा धानपछिको बाली र तरकारी लगाउन किसान व्यस्त छन् । भरतपुर महानगरपालिका-१५ का चन्द्रप्रसाद अधिकारी यतिबेला खेतमा व्यस्त छन । आफूले लगाएको चार बिघा १० कट्ठाको धान थन्क्याउने र नयाँबाली लगाउन उनलाई भ्याइनभ्याइ छ । अधिकारीले भने , चुनावको कुरा गर्ने फुर्सद पनि छैन । कुन उम्मेदवारलाई भोट दिने भन्ने विषय खेतबारीमै चर्चा हुने गरेको छ । अर्मपर्म गरेर खेतीपाती थन्क्याउने क्रममा उम्मेदवारका बारेमा छलफल हुने गरेको भए पनि धेरै किसानले उम्मेदवार छान्न नभ्याएको अधिकारी बताउछन । निर्वाचनको मिति तोक्नेले किसानका लागि समय नमिलाएको उनको गुनासो छ । गुञ्जानगरका विष्णु ढकालले सबै खेतबारीमा भएकाले उम्मेदवारले मतदाता भेट्न नसकेको बताए । उनले भने , खेतखेतमा पुग्न उम्मेदवारलाई पनि गाह्रै भयो, किसानले पनि यो बेला काम नगरी हुँदैन । गाउँका स्थानीय नेतासमेत किसान हुने भएकाले चुनावी प्रचारप्रसार र घरदैलो समेत प्रभावित हुने गरेको छ । यस अघिका निर्वाचनमा ठूलो सङ्ख्यामा उपस्थिति देखिने गरेको भए पनि यतिबेला कम मात्रै मानिसको उपस्थिति रहने गरेको छ । ढकालले भने , यो त धान थन्क्याउने र बाली लगाउने बेला हो, किसानका लागि उपयुक्त समय होइन । ।रासस

# धनुषा १ : मातृकासंग पुरानै प्रतिस्पर्धी





जनकपुरधाम, २४ कात्तिक

धनुषा क्षेत्र नम्बर १ मा पुरानै उम्मेदवार प्रतिस्पर्धीमा देखिएका छन् । सत्तारुढ गठबन्धनबाट नेकपा माओवादी केन्द्रका उपमहासचिव मातृकाप्रसाद यादव र एमाले-जसपा गठबन्धनबाट जसपाका दीपक कार्कीले उम्मेदवारी दर्ता गराएका छन । मङ्सिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा उहाँहरुबीच मूख्य चुनावी प्रतिस्पर्धा हुने सो क्षेत्रमा चर्चा छ । उहाँहरु दुबै जना गत २०७४ सालको निर्वाचनमा पनि प्रतिस्पर्धी थिए । गत २०७४ सालको निर्वाचनमा यादव २६ हजार चार सय १८ मत प्राप्त गरी विजयी हुँदा कार्कीले १७ हजार दुई सय ९६ मत प्राप्त गरे। यादव गत २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा पनि सोही क्षेत्रबाट निर्वाचित भएका थिए । यसपटकको निर्वाचनमा भने यादव र कार्कीसँगै जनमत पार्टीबाट किशोरी साह(कमल) पनि चुनाबी प्रतिस्पर्धामा छन । गत २०७४ सालको निर्वाचनमा नेकपा एमालेका तर्फबाट धनुषा क्षेत्र नं १ (१) बाट प्रदेशसभा सदस्यमा निर्वाचित साहलाई यसपटक एमालेले टिकट नदिएपछि उनी एमाले परित्याग गरेर जनमत पार्टीबाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका छन । गत २०७४ सालको निर्वाचनमा माओवादी नेता यादवलाई नेकपा एमालेको साथ थियो भने तत्कालीन सङ्घीय समाजवादी फोरमबाट उम्मेदवार बन्नुभएका कार्कीलाई तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) ले पनि साथ दिएको थियो । तर पनि कार्की यादवसँग करिब नौ हजार एक सय २२ मत अन्तरले पराजित भएको थियो । अहिले राजनीतिक दलको गठबन्धन फेरिएकाले चुनावी परिणाम कसको पक्षमा जान्छ भन्ने अनुमान गर्न गाह्रो रहेको धनुषाको गणेशमान चारनाथ नगरपालिका- ४ का रवीन्द्र साहले बताए । "दुई वटा छुट्टाछुटै गठबन्धनबाट यादव र कार्की चुनावी मैदानमा छन, उनीहरुबीच रोचक प्रतिस्पर्धा हुने हाम्रो अनुमान छ, साहले भने ,"यादव राजनीतिका पुराना खेलाडी छन र उनलाई अन्य दलको साथ छ भने अघिल्लो निर्वाचनमा निकटतम् प्रतिद्वन्द्वी कार्की पनि एमालेको समर्थन पाएको छ । जसका कारण ती दुईमध्ये कसले बाजी मार्ला भन्ने अनुमान गर्न सहज नभएको उनको भनाइ छ। यतिबेला यादवलाई माओवादीसँगै नेपाली कांग्रेस, लोकतान्त्रिक समाजवादी पार्टी लगायतका दलको समर्थन छ भने कार्कीलाई जसपासँगै एमालेले साथ दिएको छ। गत २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा विभिन्न पार्टीबाट वडाध्यक्ष पदमा उम्मेदवार बनेकाको मतलाई जोड्दा कांग्रेसले १७ हजार पाँच सय ५०, एमालेले १५ हजार आठ सय १७, माओवादीले १२ हजार दुई सय ९२ र जसपाले नौ हजार १० मत प्राप्त गरेको थिए । त्यस्तै लोसपा उम्मेदवारले छ हजार ६ सय २४, राप्रपाले चार हजार नौ सय ३०, जनमत पार्टीले तीन हजार तीन सय २०, एकीकृत समाजवादीले दुई हजार नौ सय ३७ र स्वतन्त्र उम्मेदवारले तीन हजार तीन सय २४ प्राप्त गरे । सो क्षेत्रमा सबैला नगरपालिका, गणेशमान चारनाथ र धनुषाधाम नगरपालिकाको सबै वडा तथा हङ्सपुर नगरपालिका-२, ३, ५, ७ र ८ गरी पाँच वडा, मिथिला बिहारी नगरपालिका- १, ३, ४ र ५ गरी चार वडा, क्षिरेश्वरनाथ नगरपालिकाका ८ र ९ गरी २ वडा र मिथिला नगरपालिकाको ४ नम्बर वडा गरी ४५ वडा पर्दछ । पाँच दलीय गठबन्धनको उम्मेदवार, पार्टीको बलियो पकड, पाँच वर्षमा गरेको विकासका कामले चुनाव आफूहरुकै उम्मेदवारले जित्ने नेकपा माओवादी केन्द्र धनुषाका अध्यक्ष दीपक यादवले बताए । प्रतिनिधिसभामा आफ्नो पार्टीको उम्मेदवार भए पनि दुबै प्रदेशसभा क्षेत्रमा कांग्रेका उम्मेदवार भएकाले कांग्रेसबाट अन्तरघात नहुने र गठबन्धनको जित सुनिश्चित रहेको उनको दावी छ । "जित्नलाई हाम्रो गठबन्धनको आफ्नै ३९ हजार भन्दा बढी मत छ, उनले भने ,"विगतमा एमालेबाटै जितेका साह एमाले छाडेर जनमत पार्टीबाट उम्मेदवार बन्नुभएको छ, यसको फाईदा हामीलाई हुन्छ । अघिल्लो चुनावमा निकटतम प्रतिद्वन्द्वी बनेको र यसपटक एमालेको साथ तथा निर्वाचन क्षेत्रमा लामो समयदेखि जनताको निस्वार्थ काम गरेकोले आफूले जित्ने जसपाका उम्मेदवार दीपक कार्की दाबी गर्छन ।" यो जिल्ला र क्षेत्रमा मैले लामो समय काम गरेको छु, उनले भने ,"त्यसैले मतदाताले मत दिन्छन भन्ने मलाई विश्वास छ, मेरो कामको मूल्याङ्कन गरेर जनताले मलाई अवश्य जिताउँछन् । यता दल बदलेर प्रदेशबाट प्रतिनिधिसभामा फड्को मार्ने आकांक्षा राख्नुभएका साहले आफू विजयी हुने दाबी गर्छन । "अब जनता विगत जस्तो झुक्किँदैनन्, म एमालेमा छँदा पार्टीको मतदाताभन्दा धेरै मत मलाई परेको थियो, साहले भने ," यो मेरो व्यक्तित्व र समाजमा गरेको निस्वार्थ सेवाको कारणले हो । त्यसैले यसपटक पनि आफू नै चुनाव जित्ने उहाँको दाबी छ। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि उम्मेदवारी दर्ता गराएका उम्मेदवार यतिबेला धनुषामा प्रचारप्रसार तथा घरदैलो अभियानलाई तीव्रता दिएका छन् । विभिन्न पार्टीका केन्द्रीय नेता चुनावी प्रतिस्पर्धामा रहेकाले धनुषामा यतिबेला चुनावी माहौल तातेको छ। चुनावी तयारीलाई तीव्र पारेको सत्तारूढ पाँच दलिय गठबन्धन र एमाले-जसपा गठबन्धन छुट्टाछुटै बैठक, भेला र घरदैलोलाई तीव्रता दिएका छन् । धनुषामा दुई लाख ५२ हजार नौ सय १५ पुरुष, दुई लाख २१ हजार ६ सय ६५ महिला र अन्य सात गरी कूल चार लाख ७४ हजार पाँच सय ८७ जना मतदाता रहेको मधेस प्रदेश निर्वाचन कार्यालय जनकपुरधामले जनाएको छ । धनुषामा तीन सय २२ मतदानस्थल र ६ सय पाँच मतदान केन्द्र तोकिएका छन् ।रासस

# भूकम्पपीडितको त्रिपालको बास, राहत पुगेन





डोटी, २४ कात्तिक

डोटीको पूर्वीचौकी गाउँपालिका-३ गैरागाउँका भूकम्प पीडितले सरकारी तवरबाट कुनै राहत प्राप्त गर्न नसकेको गुनासो गरेका छन् । उनीहरु तरकारी उत्पादनका लागि निर्माण गरिएका पोलि हाउसमा रात बिताउन बाध्य भएको बताएका छन् । भूकम्प पीडितलाई सरकारी क्षेत्रबाट प्रदान गरिने राहत नआइपुगेका कारण उनीहरु समस्यमा परेको बताएका हुन् । गत मङ्गलबार रातिको भूकम्पमा परी यहाँका कैयौं नागरिकका घरमा क्षति पुगेको छ। कतिपयको घर भत्किएको छ भने कैयौंका घरमा क्षति पुगेकाले आफ्नै घरमा रात काट्न नसक्ने अवस्था रहेको छ । यहाँका स्थानीय भरत बोहराले भने , सरकारी क्षेत्रबाट राहत आइपुगेको छैन, पटक पटक गइरहने परकम्पनले पीडितमा त्रास थपिँदै गएको छ, चिसो समयमा हामीहरु पोलि हाउसमा आगो बालेर रात बिताउन बाध्य छौं । नेपाल रेडक्रस सोसाइटी डोटी शाखाले २० वटा त्रिपाल तथा केही खाद्यान्न राहतस्वरुप वितरण गरे पनि पीडितलाई अपुग भएको छ । नेकपा (एकीकृत समाजवादी) का नेता एवं पूर्वमन्त्री प्रेमबहादुर आलेले भूकम्पले ज्यान गुमाएको यहाँको परिवारका सदस्यलाई रु एक लाख ५० हजार तथा नेकपा एमाले डोटीबाट रु एक लाख आर्थिक सहयोग प्राप्त भएको थियो । अस्थायीरुपमा भए पनि टहरा निर्माण गर्न तथा एक छाक खान र एकसरो लगाउने लुगाको व्यवस्था गरिदिन पीडितले सरकारसँग माग गरेका छन् । गाउँभरिमै भूकम्पको पीडाले सन्नटा छाएका कारण खेतमा पाकेको धान तथा कोदो काट्न र टिप्न नपाउँदा खेतबारीमै बादर र मुसाले खान थालेको पीडितहरु बताउँछन् । खानका लागि एक मानो चामल र पीठोसमेत नभएका कारण बालबालिका भोकले रुने कराउने गर्न थालेको अर्की पीडित मनसरा बोहराले बताए । उता विपद् व्यवस्थापन समितिका संयोजक तथा डोटीका प्रमुख जिल्ला अधिकारी कल्पना श्रेष्ठले गृह मन्त्रालयबाट भूकम्प पीडितका लागि त्रिपाल र कम्बल आइपुगेकाले आजै विपद् व्यवस्थापनको बैठक राखी सम्भवतः विहिवारै वितरण गरिने बताए। उनले भने , गृह मन्त्रालयबाट त्रिपाल र कम्बल आइपुगेको छ, अन्य राहतका लागि प्रक्रिया भइरहेकाले हामी विहिवारनै त्यहाँ गएर सम्भवतः कम्बल र त्रिपाल वितरण गर्छौं होला ।मङ्गलबार मध्यराति २ बजेर १२ मिनेटमा खप्तड राष्ट्रिय निकुञ्ज केन्द्र भएर ६ दशमलव ६ म्याग्नीच्यूडको भूकम्प गएको थियो । त्यसमा परी उक्त गाउँका छ जनाको मृत्यु हुनुका साथै सात जना घाइते भएका थिए । उक्त भूकम्पमा परी आठ घर पूर्ण ध्वस्त भएका छन् भने स्थानीयका अनुसार दर्जनौं घरमा क्षति पुगेको छ ।

तारागाउँको आर्थिक सहयोग

यसैबीच भूकम्पमा परी घरबारविहीन भएका डोटीको पूर्वीचौकी गाउँपालिका-३ गैरागाउँका पीडितका लागि तारागाउँ विकास समितिले खाद्यान्नलगायत अन्य आवश्यक सामग्री खरिदमा सहज होस् भन्ने उदेश्यले रु ३४ हजार दुई सय ८२ प्रदान गरेको छ । समितिका सदस्य सचिव महेन्द्रबहादुर थापाले समितिले विहिवार सो निर्णय गरेको र तत्कालै पीडितलाई प्रदान गरिने जानकारी दिए । रासस

## धनुषाका चारै क्षेत्रमा.............

निर्वाचन क्षेत्र नम्बर २ मा २०७४ सालको प्रतिनिधिसभा निर्वाचन तत्कालीन
संघीय समाजवादी फोरमबाट ३२ हजार ४४ मतका साथ उमाशंकर विजयी भएका थिए। त्यतिबेला तत्कालीन राष्ट्रिय जनता पार्टी र संघीय समाजवादी फोरमबीच गठबन्धन थियो । तर यस पटक एमालेबाट उम्मेदवार बनेपछि त्यति मत आउने सम्भावना देखिदैंन ।

नेकपा माओवादी केन्द्रका रामचन्द्रले १८ हजार ७१५ मत पाएका थिए। त्यो बेला एमाले र नेकपा माओवादी केन्द्रको गठबन्धन थियो । गठबन्धन नगरेको कांग्रेसबाट रामकृष्ण यादव १५ हजार ४४२ मतका साथ पाएर तेस्रो स्थानमा थिए।तर गत स्थानीय तहको निर्वाचन परिणामअनुसार दलगत हिसाबले यस क्षेत्रमा कांग्रेस बलियो देखिन्छ ।

यहाँ ७ स्थानीय तहका ४४ वडा छन् । कमला नगरपालिकाका ९ वटा, शहीदनगर नगरपालिकाका ९ वटा, जनकनन्दनी गाउँपालिकाका ६ वटा र औरही गाउँपालिकाका ६ वटा वडा यस क्षेत्रमा पर्छ। विदेह नगरपालिकाका ८ वटा र हंसपुर नगरपालिकाका ४ वटा वडा यस क्षेत्रमा छन्।जनकपुरधाम उपमहानगरका वडा नम्बर १७ र १८ पनि यो क्षेत्रमा पर्छन् ।

गत स्थानीय निर्वाचनको ४४ वटै वडाको मत जोड्दा जसपा भन्दा कांग्रेसको मत झन्डै साढे सात हजारले बढी छ।कांग्रेसले २१ हजार २३२ र जसपाले १३ हजार ८८९ मत पाएका थिए। तेस्रोमा एमालेले ११ हजार ५८३, चौथोमा माओवादी केन्द्रले १० हजार ७९४, पाँचौंमा एकीकृत समाजवादीले ८ हजर ९९७ मत पाएका थिए । सबैभन्दा कम लोसपाले ६ हजार ७१३ मत पाएको थियो ।

गत स्थानीय तह निर्वाचनको परिणामले संसदीय निर्वाचनमा प्रभाव नपर्ने नेकपा समाजवादी केन्द्रका उम्मेदवार रामचन्द्रको जिकिर छ । उनी भन्छन स्थानीय तह निर्वाचन र संसदीय निर्वाचनको अवस्था फरक हुन्छ । हामीसँग जनताको राम्रै साथ भएको कारण जीत निश्चित रहेको छ ।

धनुषा क्षेत्र नं. ३ मा जनकपुरधाम उपमहानगरपालिकाका १७ सहित जम्मा ३८ वटा वडा पर्छन् । जनकपुरधाम बाहेक नगराइन नगरपालिकाको सबै ९ वटा वडा, मुखियापट्टी मुसहरनिया गाउँपालिकाको सबै ६ वटा वडा, धनौजी गाउँपालिकाको सबै पाँचवटा वडा र विदेह नगरपालिकाको एउटा वडा यस क्षेत्रमा पर्छ । गत स्थानीय तहको नतिजा हेर्ने हो भने भने यो क्षेत्रमा कांग्रेस बलियो देखिन्छ । दोस्रोमा एमाले छ । ३८ मध्ये आधा अर्थात १९ वटा वडा एक्लै कांग्रेसले जितेको छ । दोस्रो स्थानमा एमालेले ११, जसपाले ४, लोसपाले ३ र नेकपा एकीकृत समाजवादीले १ वडामा जित निकालेको छ ।

गएको स्थानीय चुनावमा ३८ वटा वडाको वडाध्यक्ष पदमा पार्टीहरुले पाएको मत जोड्ने हो भने पहिलो स्थानमा कांग्रेस देखिन्छ। उसको २२ हजार ४ सय २९ मत छ। दोस्रोमा एमालेको १६ हजार १६ मत छ। जसपाले ८ हजार २ सय २४ र लोसपाले १ हजार १सय६३ मत प्राप्त गरेको छ। त्यस्तै नेकपा एकीकृत समाजवादीले ३ हजार ७१३ र सबभन्दा कम नेकपा माओवादी केन्द्रले ६५६ मत प्राप्त गरेको निर्वाचन आयोको तथ्यांकमा छ । कुल मत जोड्दा पाँच दलीय गठबन्धन बलियो देखिन्छ। लोसपा उम्मेदवार झाको जितको लागि कांग्रेसको मतको महत्व छ। यो चुनावमा कांग्रेसको तर्फबाट अन्तरघात हुने कुनै सम्भावना नरहेपनि कथम कदाचित अन्तरघात भए जुलीले जीत हात पार्न सक्ने सम्भावना हुन्छ ।

कांग्रेसबाट सो क्षेत्रको प्रदेश सभा सदस्य उम्मेदवार मधेश सरकारका भौतिक पूर्वाधार मन्त्री रामसरोज यादव भन्छन हाम्रो गठबन्धनको जीत यस क्षेत्रमा सुनिश्चित छ । लोसपालाई मात्र होइन हामीलाई पनि चुनाव जित्नुपर्ने रहेको कारण हामीबाट अन्तरघात हुदैन गठबन्धन उम्मेदवार हामी जित्छौ नै ढुक्क हुनुस ।

यता क्षेत्र नम्बर ४ मा एमालेका रघुवीर महासेठ र कांग्रेसका महेन्द्र यादवबीच पनि कडा प्रतिष्पर्धा छ । स्थानीय तहको मतलाई आधार मान्ने हो भन्ने सत्तारुढ गठबन्धनका उम्मेदवार यादवको जीत सुनिश्चित छ ।

महासेठले गत निर्वाचनमा २२ हजार ५३२ मत ल्याएर विजयी भएका थिए भने महेन्द्रले १९ हजार ९९१ मत प्राप्त गरेका थिए, तेश्रो स्थान तत्कालीन संघीय समाजवादी फोरम (हाल जसपा) का महाजन यादवले १९ हजार ६६२ मत ल्याएका थिए ।

अघिल्लो चुनावको भन्दा यसपटक परिस्थिति फेरिएको छ। त्यतिबेला महासेठ एमाले र माओवादीका तर्फबाट वाम गठबन्धनका उम्मेदवार बनेको कारण विजयी भएको थियो । अहिले एमाले विभाजन भएर माधवकुमार नेपालको नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) बनिसकेको छ भने माओवादी केन्द्र पनि साथमा छैन । महासेठले त्यतिबेला पाएको मतमा माओवादी केन्द्र र एमालेका माधव नेपाल समूहको समेत 'हिस्सा' थियो ।

यस क्षेत्रमा लक्ष्मिनिया गाउँपालिका, बटेश्वर गाउँपालिका, क्षिरेश्वरनाथ नगरपालिका, मिथिला नगरपालिका, मिथिला बिहारी नगरपालिका र जनकपुरधाम उपमहानगरपालिकाको ९, १३, १४, २०, २१ र २२ सहित ५ स्थानीय तह गरी कुल ४९ वटा वडा पर्छन् ।

यस क्षेत्रमा रहेको कुल ४९ मध्ये सबैभन्दा बढी कांग्रेसले २४ वटा वडा जितेर वडाध्यक्षतर्फ २९ हजार १ सय ९ मत ल्याएर अग्रस्थानमा छन । एमालेले एमालेले १२ वटा वडा जितेर २७ हजार ७ सय ६० मत पाएको छ। ५ वटा वडा जितेको जसपाले त्यो निर्वाचन क्षेत्रमा ८ हजार ७ सय ७७ मत ल्याएको छ।एउटा वडा जितेको लोसपाका वडाध्यक्ष पदका उम्मेदवार हरूले २ हजार १सय४० मत प्राप्त गरेका छन् । ३/३ वटा वडा जितेको माओवादी र एकीकृत समाजवादीको क्रमशः ५ हजार ७ सय ५४ र ९ हजार ३ सय ३५ मत छ। स्थानीय तह निर्वाचनमा दलहरूले पाएको मत हेर्ने हो भने त्यो क्षेत्रमा एमालेभन्दा दोब्बर मत भएको कारण कांग्रेस नै बलियो देखिन्छ। सबैभन्दा बढी मत पाएको नेपाली कांग्रेस र गठबन्धन दल नेकपा एस, लोसपा र माओवादीको मत जोड्दा कुल ४६ हजार ३ सय ३८ मत आउंछ भने एमालेको मात्र २७ हजार ७ सय ६० मत छ। यस्तो अवस्थामा गठबन्धन दलबाट अन्तरघात नभए कांग्रेस उम्मेदवारको नै जित्ने सम्भावना देखिन्छ। जिल्लाका चार वटै निर्वाचन क्षेत्रमा स्वतन्त्र उम्मेदवार प्रतिष्पर्धामा नरहेपनि मत हेरफेर गर्न सक्ने भएकाले परिणाम फरक आउन सक्ने सम्भावनालाई टार्न सकिदैन । खासगरी धनुषा क्षेत्र नम्बर ३ मा स्वतन्त्र उम्मेदवार उमेश साहले फरक पार्न सक्ने अवस्था देखिन्छ । जातीय मत जुली महतो र उमेश साहमा दुवैमा जान सक्ने अवस्था रहेकाले गठबन्धनका उम्मेदवार झालाई फाइदा पुग्ने देखिन्छ ।

## संचार प्रविधिमा अग्रसर ...........................

संस्थागत विद्यालय पनि थप आधा दर्जनभन्दा बढी छन् । विभिन्न संस्थागत विद्यालयहरुले गरुडासित सिमाना जोडिएका पालिकाहरुबाट ल्याउन यातायातको साधनको व्यवस्था गरेका छन् ।एउटा बहुमुखी क्याम्पस रहेको गरुडामा स्नातक तहमा बिए, बिएड र बिबिएस पढाइ हुन्छ भने स्नातकोत्तर तहको एमबिएस कक्षा संचालनमा रहेको छ ।

भरपर्दो सरकारी अस्पताल एउटा पनि नभएको गरुडा नगरपालिकाको हरेक वडामा स्वास्थ्य चौकीहरु ,बर्थिङ सेन्टरहरु संचालित छन् ।

पर्यटकीय सम्भावना रहेको भए पनि गरुडामा धार्मिक पर्यटनबाहेक अन्य पर्यटन हुन सकेको छैन । तर लमाहा र झाँझ नदीको दोभानदेखि झाँझ ब्यारेजसम्मको क्षेत्रलाई जल पर्यटनको दृष्टिकोणले महत्वपूर्ण बनाउन सकिने सम्भावना रहेको छ । करिब अढाई किलोमिटरमा पानी जम्ने हुनाले यहाँ बोटिङको व्यवस्था गर्न सकिन्छ। साथै किनारलाई सजाएर पिकनिक पार्कको रुपमा विकास गर्न सकिन्छ।

रौतहट जिल्लाको मध्यभागमा अवस्थित गरुडा नगरपालिकाको नगर प्रमुखमा निर्वाचित भएपछि कन्थमनि प्रसाद कलवार निरन्तर सक्रिय छन् । उनले युवाबर्गलाई लक्षित गरी जिम कल्व, उज्यालो अभियान,फ्री वाईफाई नगरपालिका लगायत कार्य संचालित गरेका छन्। भाडाको घरमा संचालित नगरपालिकालाई आफ्नै घरमा राख्ने उनको प्रयास जारी छ । उनले नगरको सौन्दर्यकरण र उज्यालोमे गरुडा बनाउन उज्यल्लो अभियान चलाएका छन्। उनले सो अभियान अनतर्गत बिभिन्न ठाउमा टावर जडान तथा भेपर लाईट जडान गराएका छन् । यस्तै उनले

गरुडा नगरपालिकालाई फ्री वाई-फाई जोन बनाउने तर्फ अग्रसर भएको देखिन्छ ।वर्ल्ड-लिंकको सहकार्यमा नगरभरी वाई-फाई जडान जानकारी दिदैं नगर प्रमुख कलबार सामान्य नगरबासीलाई पनि इन्टरनेटको पहुँचमा पुऱ्याउने आफ्नो लक्ष्य रहेको बताउँछन । कलबार अहिलेको प्रविधिको युगमा नभइ नहुने ईन्टरनेट सेवा सबैलाई सहज होस भनेर गरुडाका विभिन्न स्थानमा फ्री वाईफाई सेवा जडान गरिन लागेको बताउँछन् ।

नगरपालिकाले एम्बुलेन्स आम जनसमुदायको लागी एम्बुलेन्स सेवा सुरु गरेको छ। उपचारका लागि जिल्ला लगायतको कुनै पनि अस्पतालमा लैजानु परे निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउन योजना शुरु गरेको छ नगर प्रमुखको भनाई छ । गरूडा नगरपालिकाभरी लामखुट्टे नियन्त्रण गर्ने गुणस्तरीय तथा सुरक्षित फगिंग (धुवां) गर्ने समेत कार्य नगरप्रमुख जयसवालको अगुवाईमा भईरहेको छ ।

डेङ्गु मुक्त नगर बनाऊन एक्सपर्ट टोलीले गरुडा नगरभरी फगिंग (धुवां) गर्ने जारी गरिरहेको उनि बताउँछन्।

नगरपालिकाले निरन्तर विद्यालय तथा स्वास्थ्य चौकीहरुको निरीक्षण, विद्यालयहरुको अनुगमन र जहाँ आवश्यक छ त्यहाँ तत्काल मरम्मत र निर्माणको काम गरिरहेको छ ।

## मधेशका तीन उपप्रधानमन्त्री ....

कडा प्रतिस्पर्धामा हुँदा सप्तरीमा त्रिकोणात्मक प्रतिस्पर्धा हुने भएको छ। यता धनुषाको क्षेत्र नम्बर ४ बाट निवर्तमान सांसद तथा एमालेका सचिव एवं पूर्व उपप्रधानमन्त्री रघुवीर महासेठ चुनावी प्रतिस्पर्धामा रहनु भएको छ। सो क्षेत्रबाट सत्ता गठबन्धनबाट नेपाली कांग्रेसका उम्मेदवार पूर्वमन्त्री महेन्द्र यादव चुनावी मैदानमा रहनुभएको छ। एमाले र जसपा विच सो क्षेत्रमा गठबन्धन नभएको र महाजन यादव सो क्षेत्रबाट जसपाका उम्मेदवारको रुपमा चुनावमा होमिएका छन ।

कोइरी बहुल क्षेत्रमा चार हजार युवाले नागरिकता पाएका छैनन् । यो रिसको फेरोमा महासेठ पर्न सक्ने देखिन्छ ।

पूर्वउपप्रधानमन्त्री तथा लोकतान्त्रिक समाजवादी पार्टीका बरिष्ठ नेता राजेन्द्र महतो पनि सर्लाही क्षेत्र नम्बर २ बाट उम्मेदवार बनेका छन् । यस क्षेत्रबाट कुनै समय सांसद भइसकेका राजेन्द्र महतोको विकासको तुलनामा निवर्तमान सांसद एवम् सत्तारुढ गठबन्धनका आधिकारिक उम्मेदवार महेन्द्र राय यादव हसिया हथौडा समातेर निर्वाचनमा होमिएका छन। यस क्षेत्रबाट अर्का राजनारायण साह समेत एमालेबाट चुनावी प्रतिस्पर्धामा उत्रिएका छन । यस क्षेत्रमा राजनारायण साहले तेली समुदायको भोट तान्न सक्ने र दलीय राजनीतिबाट माथि उठेर यादव समुदाको मत महेन्द्र यादवतर्फ जाँदा राजेन्द्र महतोको विच्चली हुने देखिएको छ।

## सत्ता गठबन्धनले जिते .....

कर्ण, प्रदेश सभा 'ख' का उम्मेदवार रामनारायण कुर्मी, प्रदेशका पूर्व खानेपानी मन्त्री ओम प्रकाश शर्मा लगायतका वक्ताहरुले मन्तव्य व्यक्त गरेका थिए ।

त्यस्तै, नेपाली कांग्रेस बाराद्वारा पार्टी कार्यालय कलैयामा बिहिबार आयोजित अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै नेता निधिले गठबन्धनका उम्मेदवारहरुलाई भोट हालेर सत्ता गठबन्धनलाई निरन्तरता दिनुपर्नेमा जोड दिए ।

४ मंसिरको चुनावपछि कांग्रेसको नेतृत्वमा सरकार गठन हुने र त्यही सरकारले नागरिकता विधेयक अघि बढाएर नागरिकता समस्याको सधैंका लागि हल गर्ने उनले जिकिर गरे ।

नेता निधिले चुनाबमा एमाले नेतृत्वको गठबन्धन बलियो भएमा नागरिकता समस्या कहिल्यै पनि हल नहुने उल्लेख गरे ।

## बैंकविरुद्ध जनकपुरमा .......

हुनुपर्ने लगायतका १२ बुँदे माग अघि सारेका छन ।

यसै गरी काठमाडौ पछिको दोश्रो ठूलो व्यवसायी उद्यमीहरुको छाता संगठन वीरगंज उधोग वाणिज्य सँघले चरणवद्ध विरोधका कार्यक्रम संचालन गर्दै आएको छ । बैंकहरुको चर्को ब्याज विरुद्ध वीरगंज संघले अर्थमन्त्रालय, राष्ट्र बैंक, पर्साका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ। वीरगंजका उद्यमी, व्यवसायीहरु आफूहरुले चर्को ब्याज विरुद्ध चरणवद्ध आन्दोलन गरिरहेको बताउँछन् ।

सरकारले गत ६ महिनादेखि मौद्रिक नीति अन्तर्गत कर्जामा बढाएको ब्याज दरले उद्योग व्यवसाय धान्न नसक्ने अवस्था रहेको कारण आफूहरु आन्दोलित हुनु परेको जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले बताए ।

उनले भने एकातर्फ सरकारले २० प्रतिशतभन्दा बढी वस्तु विक्रीमा नाफा लिन पाउने छैन भन्दै आएका छन भने अर्कोतर्फ बैंकको ब्जायदर १८/१९ प्रतिशत ब्याज दर लिइरहेको यस्तो अवस्थामा हामी व्यवसायी कसरी धान्न सक्छौ, सरकारको यो दोहरो नीतिको विरोध हामीले गरेका छौं ।

विरोध ऱ्यालीमा सहभागी मधेश प्रदेश वाणिज्य महासंघका कोषाध्यक्ष कृपाशंकर साहले आफू व्यवसायीहरु व्यापार गर्ने भएकाले बैंकहरु विरुद्ध ढुंगामुढा गर्ने जस्ता आन्दोलन गर्दनौं तर माग पुरा नभएसम्म शान्तिपूर्ण आन्दोलन गर्नेछौं । त्यसले पनि सरकारले माग सम्बोधन गरेन भने उद्योग व्यवसाय बन्द गरी कडा आन्दोलनमा उत्रिने चेतावनी दिए ।

# युक्रेनी सहर खेरसनबाट सेना फिर्ता गर्दै रूस



मस्को, २४ कात्तिक
रुसले युक्रेनको प्रमुख सहर खेरसनबाट सेना फिर्ता गर्ने भएको छ । मस्कोले आफ्नो नियन्त्रणमा रहेको उक्त सहरबाट आफ्ना सैनिकलाई फिर्ता हुन आदेश दिएको केवल न्युज नेटवर्क (सिएनएन)ले जनाएको छ । रक्षामन्त्री सर्गेई शोइगु र युक्रेनमा खटिएका रूसी सेनाका कमाण्डर जनरल सर्गेई सुरोभिकिनबीच मस्कोमा भएको बैठकपछि सेना फिर्तिको आदेश भएको हो । आफ्नो पकड सुदृढ तुल्याउन दुई दिशाबाट अगाडि बढिरहेको बेला रूस पछि हटेको छ । युक्रेनी अधिकारीहरूले भने रूसी घोषणाप्रति आशङ्का व्यक्त गरेका छन् ।रूसी सैनिकले खेरसन छाड्ने कुनै सङ्केत नदेखाएको उनीहरूले बताएका छन् । युद्ध नलडी रूस खेरसनबाट फिर्ता हुन्छ भन्ने युक्रेनीलाई नलागेको युक्रेनी राष्ट्रपति कार्यालयका सल्लाहकार मिखाइलो पोडोल्याकलाई उद्धृत गर्दै सिएनएनले बताएको छ । उत्तर एटलाण्टिक सन्धि सङ्गठन (नाटो)का महासचिव स्टोल्टनबर्गले रूसी निर्णयको स्वागत गर्दै युक्रेनी सशस्त्र सेनाको साहस र पश्चिमा राष्ट्रको निरन्तर सहयोगको परिणामस्वरूप सैन्य फिर्ती सम्भव भएको बताएका छन् । अमेरिकी राष्ट्रपति जो बाइडेनले रूसको उक्त निर्णयबाट मस्को समस्यामा रहेको स्पष्ट हुन्छ भन्दै मस्कोको उक्त निर्णयको आफूले पहिले नै अपेक्षा गरेको बताएका छन । साथै उनले उक्त निर्णयबाट दुवै पक्षलाई आफ्नो अवस्थाको समीक्षा गर्न बल पुग्ने बताएका छन । यसैबीच, करिब दश महिनादेखि जारी युक्रेन युद्धमा एक लाखभन्दा बढी रुसी सैनिक मारिएका तथा घाइते भएका अमेरिकी सेनाका एक जना वरिष्ठ अधिकारीले दाबी गरेका छन् । द इकोनोमिक क्लब अफ न्यूयोर्कमा आयोजित एक कार्यक्रममा जनरल मार्क मिलेले युक्रेनी पनि त्यति नै सङ्ख्यामा हताहत एवम् घाइते भएका बताए । युक्रेनमाथि रूसले गरेको आक्रमणलाई गम्भीर गल्ती भन्दै उनले त्यसको मूल्य वर्षौंवर्षसम्म राष्ट्रहरूले चुकाउनुपर्ने उल्लेख गर्दै युद्धका कारण एक करोड ५० लाखदेखि तीन करोड शरणार्थी बनेका तथा त्यसक्रममा करिब ४० हजार नागरिकको ज्यान जाने गरी ठूलो मानवीय पीडा भोग्नुपरेको बताए । (रासस/एएनआई)

# राजामाथि अण्डा प्रहार, एक जना पक्राउ



लन्डन, २४ कात्तिक
योर्क शहरको भ्रमणमा रहेका बेला राजा चार्ल्स तृतीय र रानी क्यामिलामाथि अण्डा प्रहार भएको छ । राजारानीमाथि अण्डा प्रहार गरेको आरोपमा एक जनालाई पक्राउ गरिएको वासिङटन पोस्टले जनाएको छ ।
राष्ट्राध्यक्षप्रति अण्डा प्रहार गरेको अभियोग पक्राउ परेका व्यक्तिले यो देश दासको रगतले बनेको हो, नारा लगाएका थिएभने भीडले भगवान्ले राजालाई बचाऊन् नारा लगाएको थियो । राजा चार्ल्स नाराबाजीबाट प्रभावित हुनभएन बरू उनी ‘फुटपाथ’मा छरिएका अण्डाका वरिपरि घुमिरहे । राजा चार्ल्स रानी क्यामिलासहित आफ्नी स्वर्गीय आमा रानी एलिजाबेथ द्वितीयको मूर्ति अनावरण गर्न योर्क भ्रमणमा रहेका थिए । यसअघि महारानी एलिजाबेथको मृत्यु भएको केही दिनपछि स्कटल्याण्डको एडिनबरामा एक जना प्रदर्शनकारीलाई पक्राउ गरिएको थियो । उनले ‘राजतन्त्रको अन्त्य गर,’ लेखिएको ‘प्लेकार्ड’ बोकेर राजा चार्ल्सको विरोध गरेका थिए । बेलाइतका राजा राज्यको प्रमुख रहेका धेरै स्थानमा यदाकदा राजपरिवार र राजसंस्थाको विरोध भएको छ । सन् १९८६ मा न्युजिल्यान्डको राजकीय भ्रमणमा रहेकाबेला महारानी एलिजाबेथमाथि एक महिलाले अण्डा प्रहार गरेकी थिइन् । (रासस/एएनआई)

# इरानी र रूसी सुरक्षा अधिकारीबीच युक्रेन संकटबारे छलफल



तेहरान, २४ कात्तिक
इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव अली शामखानी र रूसी महासङ्सघको सुरक्षा परिषद्का सचिव निकोलाई पात्रुसेभबीच युक्रेन सङ्कटबारे छलफल भएको छ । दुवै पक्षले द्विपक्षीय सम्बन्ध सुदृढ गर्ने उपायका साथै जारी युक्रेन सङ्कट र समस्याबारे पनि विचारविमर्श गरेका इरानी समाचार वेबसाइट नूरले जनाएको छ ।
सचिव शामखानीले युक्रेन-रूस युद्धविराम तथा शान्ति वार्ताको लागि नेतृत्व गर्ने कुनै पनि प्रयासलाई इरानको स्वागत एवम् समर्थन रहने स्पष्ट गर्दै जारी द्वन्द्व अन्त्यका निम्ति सक्रिय भूमिका निर्वाह गर्न तेहरान तयार रहेको बताए । साथै उनले ऊर्जा, यातायात, कृषि, व्यापार, वित्त र वातावरणका क्षेत्रमा इरान र रूसबीचको सहकार्यलाई अझ सुदृढ तुल्याउन आह्वान गरे । इरानी अधिकारीले आतङ्कवाद र चरमपन्थीले क्षेत्रीय एवम् विश्वशान्ति- सुरक्षालाई जोखिममा पारेकाले तिनलाई निर्मूल गर्न सघन क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग निरन्तररूपमा अघिबढाउनु पर्नेमा जोड दिएका थिए भने रूसीले अधिकारीले रूस र इरानबीच विभिन्न क्षेत्रमा भएका पारस्परिक सहयोगले गति लिएकामा त्यसको प्रशंसा गर्दै दुवै देशका राष्ट्रपतिले द्विपक्षीय वार्ताका साथै सम्बन्ध सुधारलाई उच्च प्राथमिकतामा राखेका नूर न्यूजमा उल्लेख छ । (रासस/सिन्ह्वा)

# म्यानमारमा तीन करोड ७० हजार नागरिकले कोभिड १९ विरुद्धको खोप लिए




याङ्गुन, २४ कात्तिक - म्यानमारमा कोरोना भाइरसविरुद्ध लड्न तीन करोड ७० लाख व्यक्तिले खोप लगाएका यहाँको स्वास्थ्य मन्त्रालयले बुधबार जानकारी दिएको छ । ती मध्ये तीन करोड ७२ हजार व्यक्ति १८ वर्ष भन्दा माथि रहेका र छ लाख ७० हजार व्यक्ति १८ वर्ष भन्दा कम उमेरका रहेका जनाइएको छ । पछिल्लो २४ घण्टामा थप ७० जना कोरोना सङ्क्रमित थपिएपछि म्यान्मारमा कोरोना सङ्क्रमितको कूल सङ्ख्या ६ लाख ३२ हजार चार सय ६१ पुगेको छ ।स्वास्थ्य अधिकारीहरूले विगत २४ घण्टामा ९ हजार नौ सय ४३ जनामा कोभिड-१९ परीक्षण भएको र दैनिक पोजिटिभ दर ०.७ प्रतिशत रहेको बताइएको छ ।पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमणको कारण कसैको पनि मृत्यु नभएको जनाइएको छ । कोरोना शुरुभएबाट हालसम्म कोरोना सङ्क्रमणको कारण १९ हजार चार सय ८६ व्यक्तिको मृत्यु भएको मन्त्रालयले जनाएको छ । (रासस/सिन्ह्वा)

# लज्जास्पद हार बेहोर्दै भारत विश्वकपबाट बाहिरियो



काठमाडौं, २४ कात्तिक
इंग्लेण्डले भारतलाई १० विकेटले पराजित गर्दै अष्ट्रेलियामा भइरहेको आईसी टी-२० विश्वकपको फाइनलमा प्रवेश गरेको छ । एडिलेडमा भएको दोस्रो सेमिफाइनलमा भारतले दिएको १६९ रनको लक्ष्य इंग्ल्याण्डले १६ ओभरमा बिना क्षती पूरा गरेको हो । भारत विरुद्ध हेल्स र बटरको विष्फोटक ब्याटिङ गर्दा भारतीय बलरहरु फिका देखिएका थिए । इंग्ल्याण्डका लागि हेल्सले ४७ बल खेल्दै ४ चौका र ७ छक्का मद्तमा अविजित ८६ रन बनाए । यस्तै बटलरले ४९ बल खेल्दै ९ चौका र ३ छक्का मद्दतमा अविजित ८० रन बनाए ।
यसअघि टस हारेर पहिले ब्याटिङ गरेको भारतले हार्दिक पाण्ड्या र विराट कोहलीको अर्धशतक मद्दतमा ६ विकेट गुमाएर १६८ रन बनाएको थियो । विष्फोटक ब्याटिङ गरेका हार्दिकले ३३ बल खेल्दै ४ चौका र ५ छक्का प्रहार गरेर सर्वाधिक ६३ रन बनाए । कोहलीले ५० रन बनाउने क्रममा ४० बल खेल्दै ४ चौका र १ छक्का प्रहार गरे । कप्तान रोहित शर्माले १७ र सूर्यकुमार यादवले १४ रन जोडे । केएल राहुल ५ र ररिषव पन्त ६ रनमा आउट भए । इंग्ल्याण्ड क्रिस जोर्डनले सर्वाधिक ३ विकेट लिए । उनले ४ ओभरमा ४३ रन खर्चे । क्रिस वोक्स र आदिल रसिदले समान १ विकेट लिए । अष्ट्रेलियामा भइरहेको आठौं संस्करणको आईसीसी टी-२० विश्वकप क्रिकेटको उपाधिका लागि पाकिस्तान र इंग्ल्याण्ड भिड्ने भएका छन् । एडिलेडमा बिहीबार भएको दोस्रो सेमिफाइनलमा इंग्ल्याण्डले भारतमाथि १० विकेटको शानदार जित निकाल्दै पाकिस्तानसँग उपाधि भिडन्त पक्का गरेको हो । यसअघि पहिलो सेमिफाइनलमा बुधबार पाकिस्तानले न्युजिल्याण्डलाई ७ विकेटले हराएको थियो ।न्युजिल्याण्ड सेमिफाइनलबाट बाहिरिएपछि यस पटक टी-२० विश्वकपमा नयाँ विजेता नहुने पक्का भइसकेको छ । यस्तै पाकिस्तान र इंग्ल्याण्ड जसले फाइनल जिते पनि दोस्रो पटक च्याम्पियन बन्नेछ ।पाकिस्तानले यसअघि सन् २००९ मा भएको दोस्रो संस्करण जितेको थियो भने इंग्ल्याण्डले २०१० मा भएको तेस्रो संस्करणको उपाधि जितेको थियो ।यस्तै यी दुई टिमबीच अर्को संयोग पनि छ । दुवै टिम तेस्रो पटक टी-२० विश्वकपको फाइनल पुगेका हुन् ।सन् २००७ मा भएको पहिलो टी-२० विश्वकपको फाइनल पुगेको पाकिस्तान त्यसबेला भारतसँग पराजित हुँदै उपविजेता बनेको थियो । यस्तै इंग्लयाण्ड पछिल्लो पटक २०१६ को फाइनल खेल्दा वेष्ट इन्डिजसँग पराजित भएको थियो ।अहिलेसम्म वेष्ट इन्डिजले मात्र दुई पटक टी-२० विश्वकपको उपाधि जितेको छ ।

# प्रधानमन्त्री कप क्रिकेटमा मधेशलाई हराउदै एपिएफ फाइनलमा



काठमाडौं, २४ कात्तिक
शसस्त्र प्रहरी बलको एपिएफ क्लब प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा विहिवार भएको पहिलो सेमिफाइनल खेलमा एपिएफले मधेश प्रदेशलाई सात विकेटले पराजित गर्दै फाइनलमा पुगेको हो ।
मधेश प्रदेशले एपिएफलाई जितका लागि १२३ रनको लक्ष्य दिएको थियो । जवाफमा एपिएफले २१ दशमलव तीन ओभरमा तीन विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो । एपिएफका लागि लोकेश बमले सर्वाधिक ३५ रनको योगदान दिए भने प्रदीप ऐरीले ३३ तथा आशिफा शेखले २५ रनको योगदान दिए । त्यसैगरी सुमित मर्हजनले १३ रन जोड्दा सन्दिप जोरा छ रनमा अविजित रहे । बलिङतर्फ मधेश प्रदेशका रुपेश सिंहले तीन विकेट झारे भने राजेश यादवले एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको मधेश प्रदेशले ३१ ओभरमा सबै विकेट गुमाउँदै १२२ रन मात्र बनाउन सक्यो । मधेश प्रदेशका लागि रुपेश सिंहले अविजित रहदै सर्वाधिक ३६ रनको योगदान दिए । सन्तोष कार्कीले २०, इमरान शेखले १६, अनिल साहले १३, आदील आलमले ११ तथा राजेश यादवले १० रन बनाए ।एपिएफका कमल ऐरी एक्लैले चार विकेट लिए भने भुवन कार्की र मौसम ढकालले समान २/२ विकेट झारे । भोलि हुने दोस्रो सेमिफाइनल खेलमा दुई विभागीय टोली त्रिभुवन आर्मी र नेपाल पुलिस क्लबबीच प्रतिस्पर्धा हुनेछ । फाइनल खेल भने शनिबार हुनेछ ।रासस

# तेस्रो संस्करणको चन्द्रागिरी वडास्तरीय फुटसल प्रतियोगिता हुंदै



काठमाडौं, २४ कात्तिक
चन्द्रागिरि नगरपालिका वडा कप फुटसल प्रतियोगिता यही कात्तिक २५ र २६ गते मत्स्य फुटसल एरिना मच्छेगाउँमा आयोजना हुने भएको छ । वेष्टर्न युनाइटेड क्लबद्वारा आयोजित तेस्रो संस्करणको सो प्रतियोगितामा नगरभित्रका १५ वडाका २२ टिमबीच प्रतिष्पर्धा हुनेछ । प्रतियोगितामा प्रथम र द्वितीय हुनेले क्रमशः ८० हजार रुपैयाँ र ४० हजार रुपैयाँसहित ट्रफी र पदक र अन्य पाँच विधामा उत्कृष्ट हुनेलाई पाँच हजार रुपैयाँसहित पदक प्रदान गरिनेछ । ती विधामा उत्कृष्ट टिम, खेलाडी, गोलकर्ता र किपर छन् । प्रतियोगिताको मुख्य प्रायोजन चन्द्रागिरि नगरपालिकाले गरेको छ । प्रतियोगिताका बारेमा जानकारी दिन क्लबद्वारा विहिवार आयोजित पत्रकार सम्मेलनमा क्लबका अध्यक्ष रामनारायण घिमिरेले भन्नुभयो, फुटसल प्रतियोगिताको तयारी पूरा भएको छ । नगरपालिकाभित्र खेलकूद विकास गर्न र युवालाई खेल क्षेत्रमा आकर्षित गर्न क्लबले विभिन्न गतिविधि गरिरहेको छ । प्रतियोगिताले फुटसल प्रवर्द्धन गर्न सहयोगसमेत गर्नेछ ।
खेलकूद क्षेत्रलाई चलायमान बनाउन प्रतियोगिताले कोशेढुङ्गाको काम गर्ने क्लबका उपाध्यक्ष साजन महर्जनले बताउनुभयो । पछिल्लो समय युवापुस्ताका बीचमा फुटसल लोकप्रिय बनिरहेको छ । ‘स्वास्थ्यका लागि खेलकूद, राष्ट्रका लागि खेलकूद’ भन्ने नाराका साथ क्लबले खेलकूदका विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ । प्रतियोगिता अन्तर िष्ट्रिय नियमलाई पालना गरी खेलाइने आयोजकले जनाएको छ ।चन्द्रागिरि नगरपालिकाले पनि खेलकूद विकासमा उच्च प्राथमिकता दिँदै आएको छ । नगरप्रमुख घनश्याम गिरीले युवापुस्तालाई खेलकुदमा थप आकर्षित गरी खेल क्षेत्रको विकास गर्न नगरपालिकाले विभिन्न प्रतियोगिता आयोजना गर्न सहयोग गरेको जानकारी दिए। उनले भने , युवा समाजका परिवर्तनका संवाहक शक्ति हुन् । उनीहरुको क्षमता र प्रतिभा विकासमा सबैले सहयोग गर्नुपर्छ । यसलाई खेलकूदले सहयोग गर्नेछ ।रासस

# कारागारमा अस्थायी मतदान केन्द्र कैदीबन्दीले पनि भोट दिँदै

मधेशदृष्टि
बीरगंज २४ कात्तिक ।
वीरगंज कारागारमा रहेका कैदीबन्दीहरुले समेत मतदान गर्न पाउने अधिकारलाई संरक्षण गर्दै निर्वाचन आयोगले पर्सामा वीरगंज कारागार भित्र अस्थायी मतदान केन्द्र स्थापना गर्ने भएको छ। आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तर्फको समानुपातिकमा मतदान गर्नका लागि वीरगंज कारागारमा रहेका कैदीबन्दी र निजामती कर्मचारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनाका लागि दुई वटा अस्थायी मतदान केन्द्र निर्धारण गरिएको जिल्ला निर्वाचन कार्यालय पर्साकी प्रमुख रन्जीता झाले जानकारी दिइन् ।




आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा क्षेत्रीय कारागार वीरगंजमा रहेका एक हजार चार सय ९७ जना कैदीबन्दी मध्ये ३७ जनाले समानुपातिक निर्वाचन प्रणालीका लागि मतदान गर्न पाउने भएका छन् । कारागारबाट उनिहरुले अस्थायी मतदाता नामावली आफ्नो नाम समावेश गरेको हुँदा समानुपातिक तर्फका उम्मेदवारलाई मतदान गर्न पाउने भएका छन् । निर्वाचन कार्यालयले पर्साका निजामती कर्मचारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनालाई मतदान गर्नका लागि जिल्ला हुलाक कार्यालय परिसर भित्र अस्थायी मतदान केन्द्र स्थापना गर्न लागेको झाले जानकारी दिइन् । वीरगंज कारागारमा रहेको कैदीबन्दी मध्ये ३७ जना र कर्मचारी, सेना, प्रहरी गरी नौ सय तीन जनाले दुई अस्थायी मतदान केन्द्र मार्फत मतदान गर्ने जनाइएको छ ।
पर्सा जिल्लामा प्रतिनिधि सभा ४ निर्वाचन क्षेत्र र प्रदेश सभाको ८ निर्वाचन क्षेत्रका लागि सम्पन्न हुन लागेको निर्वाचनमा २ अस्थायी मतदान केन्द्र सहित ४ सय १४ मतदान केन्द्र तोकिएको छ । पर्साका १४ पालिकामा १ सय ६७ वटा मतदान स्थल निर्माण गरिने भएको छ । जिल्लामा यस पटक ३ लाख ४५ हजार ९ सय २८ जना मतदाताले मतदान गर्न पाउने भएको जिल्ला निर्वाचन प्रमुख रन्जिता झाले बताइन् ।

# शैक्षिक गुणस्तर वृद्धि गर्ने यादवको प्रतिबद्धता

मधेशदृष्टि
वीरगज २४ कात्तिक ।
पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार प्रदीप यादवले शिक्षा क्षेत्रमा सुधार गर्दै पर्सावासीलाई समृद्धि तर्फ अगाडी बढाउनु आफ्नो प्रमुख एजेण्डा भएको बताएका छन् । बिहिबार वीरगंज महानगरपालिकाको वडा नम्बर १८ को सौराहा र वडा नम्बर २० को अपौनीमा चुनावी घरदैलो गर्दै जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार यादवले विकास र समृद्धिको सबैभन्दा महत्वपूर्ण कडी शिक्षा भएकोले यस क्षेत्रको सुधार आफ्नो प्रमुख एजेण्डा भएको बताए ।
यादवले संसदका रुपमा निर्वाचित भए पश्चात वीरगंजलाई शिक्षाको हबका रुपमा विकास गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानी भित्र्याउने वातावरण सृजना



गर्नका निमित्त सदन मार्फत आवाज उठाउने प्रतिवद्धता व्यक्त गरे । त्यसैगरी यादवले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षक दरवन्दी व्यवस्थापन तथा आवश्यक भौतिक संरचना निर्माणका लागि पनि आफूले पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले शैक्षिक क्षेत्रमा हुने बन्द हड्ताल र अवाञ्छित गतिविधिलाई निरुत्साहित पार्दै शैक्षिक क्षेत्रको विकृति र भ्रष्टाचारलाई निर्मूल पार्न पनि आफूले काम गर्ने बताए । कार्यक्रममा पर्सा निर्वाचन क्षेत्र नम्बर १ (क) बाट प्रदेश सभा सदस्य पदका उम्मेदवार विचारी प्रसाद यादव लगायत जसपा र एमालेका नेताहरुको उल्लेख्य संख्यामा सहभागीता रहेको थियो ।

# आयल निगमको ठेक्कामा ८० करोडको मिलोमतो

मधेशदृष्टि
बीरगंज २४ कार्तिक ।
नेपाल आयल निगमले बाराको अमलेखगञ्जमा बनाउन लागेको एक करोड लिटर क्षमताको इन्धन भण्डारण ट्यांकी निर्माणको ठेक्कामा मिलेमतो भएको छ । भण्डारण ट्यांकी निर्माणमा प्रतिस्पर्धा नै खुम्च्याएर आयल निगमले 'रेलिगेयर कन्स्ट्रक्सन प्रालि, कुपोण्डोल'लाई ट्यांक निर्माणको जिम्मा दिन लागेको छ ।
८० करोड रुपैयाँ लागत अनुमानको ५०-५० लाख लिटर क्षमताको भण्डारण ट्यांकी निर्माणका लागि निगमले ५ असोजमा बोलपत्र आह्वान गरेको थियो । तर, यो ठेक्कामा दुई नेपाली कम्पनीबाहेक अन्य सहभागी हुन नसक्ने गरी योग्यता मागिएको थियो ।
बोलपत्रले राखेका शर्त पुरा गर्न समानान्तर निर्माण सेवा




र रेलिगेयर कन्स्ट्रक्सन मात्रै सक्षम थिए । त्यसैअनुसार ठेक्कामा तीनै दुई वटा मात्रै निर्माण कम्पनी सहभागी भएका थिए। उनीहरुबीच फर्जी प्रतिस्पर्धा गराएर निगमले ठेक्का लगाउने अन्तिम तयारी गरेको निगम स्रोतले जनाएको छ। मिलेमतोअनुसार नै लागत अनुमानभन्दा २ करोड रुपैयाँ कममै ठेक्का लगाउने तयारी भएको छ।
अनुमानित लागतको करिब २.५ प्रतिशत मात्रै कम मूल्यमा यो ठेक्का केही दिनमा रेलिगेयर कन्स्ट्रक्सनले पाउँदैछ । ठेक्कामा सहभागी समानान्तर निर्माण सेवाले ८८ करोड रुपैयाँ बोलकबोल गरेपछि ७८ करोड कबोल गरेको रेलिगेयरले यो ठेक्का पाउन लागेको हो । भण्डारण डिपो आयोजना प्रमुख प्रदीपकुमार यादवले प्रतिस्पर्धीको तुलनामा १० करोड रुपैयाँ कममा बोलपत्र परेपछि रेलिगेयर निर्माण कम्पनी ठेक्काका लागि छनोट भएको दाबी गरे ।

# नेपाल र भारतका प्रहरी अधिृतकहरुबीच छलफल

मधेशदृष्टि
वीरगंज २४ कात्तिक ।
मंसिर ४ मा हुने निर्वाचनलाई मध्यनजर गरि वीरगंजमा नेपाल र भारतका प्रहरी अधिृतकहरुबीच छलफल भएको छ ।
वडा प्रहरी कार्यालय विर्तामा भएको छलफलमा वडा कार्यालय अन्तर्गतका सीमा नाकाहरुको सुरक्षा लगायत आसन्न प्रतिनिधि सभा र प्रदेश सभाको चुनावको सुरक्षाका विषयमा स्थानीय स्तरमा दुवै देशका प्रहरीहरुबीच सहयोग आदान-प्रदान, सीमा अपराध नियन्त्रण गर्ने विषयमा सहमति भएको छ ।
छलफलमा वीरगंज महानगरको मुख्य सिमा प्रहरी कार्यालय तथा भारतको विहार राज्यको रक्सौल सीमाका प्रहरी कार्यालयका अधिकारीहरुको सहभागीता थियो ।
छलफलमा नेपालका तर्फबाट वडा प्रहरी कार्यालय विर्ताका प्रहरी निरीक्षक विशाल मल्ल र रक्सौल प्रहरी कार्यालयका सब डिभिजनल पुलिस अफिसर श्री चन्द्र प्रकाशको नेतृत्वमा दुवै देशका सीमा क्षेत्रका प्रहरी अधिकारीहरुको सहभागीता थियो ।












मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचोक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल